# प्रारम्भिक कक्षा पठन तथा गणितीय सिप परीक्षण ढाँचा

## (Early Grade Reading and Numeracy Assessment Framework)

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**

**सानोठिमी, भक्तपुर**

२०८२

# प्राक्कथन

दक्ष, प्रतिस्पर्धी, सभ्य तथा सुसंस्कृत जनशक्तिको विकासको लागि गुणस्तरीय शिक्षाको आवश्यकता पर्दछ । यसका लागि मूलतः नीति, कानुनी संरचना, पाठ्यक्रम, सिकाइ सामग्री, शिक्षणसिकाइ क्रियाकलाप तथा सिकाइ मूल्याङ्कन आदि पक्ष गुणस्तरीय हुनुपर्छ । त्यसै गरी शैक्षिक व्यवस्थापन, शैक्षणिक सुपरिवेक्षण लगायतका पक्षहरू पनि गुणस्तरीय हुनु जरुरी हुन्छ । यी सबै पक्षको परीक्षण एवम् लेखाजोखा गरी पद्धतिगत सुधारका लागि आवश्यक पृष्ठपोषणका लागि नेपाल सरकारले शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना गरी उक्त केन्द्रद्वारा शैक्षिक गुणस्तरसँग सम्बन्धित विभिन्न परीक्षणको कार्यसम्पादन गर्दै आएको छ ।

यसै क्रममा बालबालिकाको सिकाइमा आवश्यक सुधार गर्ने उद्देश्यले नियमित रूपमा विद्यार्थी उपलब्धि परीक्षण सञ्चालन गरिँदै आएका पनि छन् । त्यसै गरी कक्षाकोठामा सिकाइ सुधार गर्ने अभिप्रायबाट विभिन्न प्रकारका शैक्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न आधारभूत तहका प्रारम्भिक कक्षाहरूमा प्रारम्भिक कक्षा पठन सिप परीक्षण, प्रारम्भिक कक्षा गणितीय सिप परीक्षण, कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पठन सिप परीक्षण, पठन तथा गणितीय सिपको राष्ट्रिय परीक्षण जस्ता परीक्षणहरू शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सञ्चालन गर्दै आएको छ ।

विभिन्न सरकारी, गैरसरकारी तथा विभिन्न दातृनिकायहरूको आर्थिक तथा प्राविधिक सहयोगमा आधारभूत तहका प्रारम्भिक कक्षामा प्रारम्भिक कक्षा पठन सिप तथा गणितीय सिप विकासका विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गरिँदै आएका छन् । यस प्रकारका कार्यक्रमको आधारभूत सर्वेक्षण, मध्यकालीन तथा परियोजना वा कार्यक्रमको अन्त्यमा पठन सिप तथा गणितीय सिप विकासको अवस्था पहिचान गरी कार्यक्रमको प्रगति समीक्षा गर्ने प्रयोजनका लागि पनि शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा निरन्तररूपमा परीक्षण साधनहरूको माग हुने गरेको अवस्था छ । यसै गरी कक्षाकोठामा नियमित पठनपाठनमा सुधार गर्न गर्ने प्रयोजनले कक्षा २ र ३ को लागि परीक्षण साधन विकास तथा प्रयोगलाई थप व्यवस्थित गर्ने उद्देश्यले केन्द्रले परीक्षण ढाँचा विकास गरेको छ ।

परीक्षण ढाँचाको सुरुको ढाँचा विकासमा युएसएआइडी प्रारम्भिक कक्षा सिकाइ कार्यक्रम (USAID-EGL) तथा UNICEF को प्राविधिक सहकार्य रहेको थियो । उक्त परीक्षण ढाँचाको अद्यावधिकको लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रको नेतृत्वमा विभिन्न सरोकारवालाको सक्रिय सहभागितामा प्रस्तुत ढाँचा विकास गरिएको हो । यो ढाँचाका आधारमा नै आगामी दिनमा पठन सिप तथा गणितीय सिप परीक्षणका लागि साधन विकास गरी कार्यान्वयनमा जाने र सोही अनुभवका आधारमा ढाँचालाई आवश्यक परिमार्जन एवम् सुधार गरिँदै लगिने छ ।

अन्त्यमा, यस परीक्षण ढाँचा तथा परीक्षण मार्गदर्शन र साधनलाई मूर्तरूप दिने कार्यमा योगदान पुर्‍याउनुहुने पाठ्यक्रम विज्ञ, विषय विशेषज्ञ, विश्वविद्यालयका प्राध्यापक, विद्यालयका शिक्षक तथा केन्द्रका नेपाली एवम् गणित विषय समितिका पदाधिकारीहरूलाई धेरै धेरै धन्यवाद । परीक्षण ढाँचा तथा साधनलाई अन्तिमीकरणमा सहयोग गर्नुहुने यस केन्द्रका निर्देशकहरू र कर्मचारीलाई विशेष धन्यवाद । विशेष गरी परीक्षण ढाँचा, मार्गदर्शन र साधनलाई अन्तिमीकरण गर्ने कार्यकोलागि निर्देशक श्री युवराज अधिकारी, शाखा अधिकृत श्री निशा ओली, प्राविधिक अधिकृतद्वय श्री रितु श्रेष्ठ र श्री इन्दु खनाल, शाखा अधिकृत श्री सरस्वती गुरागाई, शाखा अधिकृत श्री खगेन्द्र श्रेष्ठलाई विशेष धन्यवाद । यसको परीक्षण ढाँचाको विकासमा योगदान पुर्‍याउनुहुने सम्पूर्णमा यस केन्द्र हार्दिक आभार प्रकट गर्दछ ।

मितिः २०८२ भाद्र

जयराम अधिकारी

महानिर्देशक

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

# विषयसूची


**प्राक्कथन** ....... **2**

**अध्याय एक** ....... **1**

**पठन तथा गणितीय सिप परीक्षण** ....... **1**

१.१ परिचय ....... 1

१.२ औचित्य ....... 1

१.३. नेपालमा पठन तथा गणितीय सिप परीक्षणको अभ्यास ....... 1

१.४ EGRA/ CB-EGRA र EGMA परीक्षणका उद्देश्य ....... 2

१.५ परीक्षण ढाँचा विकास प्रक्रिया ....... 2

१.६ परीक्षण प्रक्रिया ....... 3

अध्याय दुई ....... 5

**परीक्षण विधि** ....... 5

२.१. जनसङ्ख्या र नमुना ....... 5

२.२. परीक्षणका विधिहरू ....... 5

**अध्याय तीन** ....... **6**

**परीक्षणका प्रकार** ....... **6**

**३.१. प्रारम्भिक कक्षा पठन सिप परीक्षण** (Early Grade Reading Assessment-EGRA) ....... 6

३.१.१ उद्देश्य ....... 6

३.१.२ प्रक्रिया ....... 6

३.१.३ प्रश्नगत (Item wise) कार्य ....... 6

**३.२. कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पठन सिप परीक्षण** (Classroom Based Early Grade Reading Assessment, CB-EGRA) ....... 7

३.२.१ उद्देश्य ....... 7

३.२.२ प्रक्रिया ....... 7

३.२.३ उपकार्य ....... 7

३.३ प्रारम्भिक कक्षा गणितीय सिप परीक्षण ....... 8

३.३.१ उद्देश्य ....... 8

३.३.२ प्रक्रिया ....... 8

३.३.३ उपकार्य ....... 9

**अध्याय चार** ....... 10

**प्रारम्भिक कक्षा पठन तथा गणितीय सिप परीक्षणका ढाँचा** ....... 10

४.१ (क) EGMA का विषय क्षेत्र तथा उपकार्यहरू ....... 10

**(विषय क्षेत्र र उपकार्यहरूलाई अपाङ्गताको प्रकृति र आवश्यकताका आधारमा अनुकूलन गरिने छ ।)** ....... 10


शैक्षिक गुणस्तर परीक्षण केन्द्र

४.१ (ख) EGMA को विशिष्टीकरण तालिका (क्षेत्र र उपकार्यसहित)........................................11

**अपाङ्‌ताको प्रकृति र आवश्यकताका आधारमा विशिष्टिकरण तालिका अनुकूलन गरिने छ।**..........11

४.२ प्रारम्भिक कक्षा पठन सिप परीक्षण (EGRA) को विशिष्टीकरण तालिका........................15

४.३ (क) कक्षाकोठामा आधारित पठन सिप परीक्षण ( CB-EGRA) कार्यढाँचा..........................16

४.३ (ख) कक्षाकोठामा आधारित पठन सिप परीक्षण ( CB-EGRA) विशिष्टीकरण तालिका..............16

४.४ परीक्षण साधन प्रयोगको अनुमतिसम्बन्धी व्यवस्था..................................................17

**अध्याय पाँच**..........................................................................................................18

**समावेशी मूल्याङ्कन**..................................................................................................18

५.१ दृष्टिविहीन र न्यून दृष्टि भएका बालबालिकाको सिकाइ उपलब्धि परीक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरू..........18

५.२ बहिरा र सुस्त श्रवण अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ उपलब्धि परीक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरू........18

५.३. EGMA को विशिष्टीकरण तालिका (क्षेत्र र उपकार्यसहित) : न्यून दृष्टि र दृष्टिविहीन विद्यार्थीका लागि..........18

**५.४ प्रारम्भिक कक्षा पठन सिप परीक्षण (EGRA) को विशिष्टीकरण तालिकाः दृष्टि र श्रवणसम्बन्धी अपाङ्गता भएका बालबालिकाको लागि**..................................................................................24

**५.५ कक्षाकोठामा आधारित पठन सिप परीक्षण ( CB-EGRA) विशिष्टीकरण तालिका**..................26

**(न्यून दृष्टि र दृष्टिविहीन तथा सुस्त श्रवण र बहिरा बालबालिकाको सिकाइ उपलब्धि परीक्षणको लागि)**..........26

**अध्याय छ**..............................................................................................................29

परीक्षण सञ्चालनमा विभिन्न निकायको भूमिका..........................................................29

**(क) शैक्षिक गुणस्तर परीक्षण केन्द्र**..........................................................................29

**(ख) प्रदेश तहमा शिक्षा हेर्ने मन्त्रालयको भूमिका**.......................................................29

**(ग) शिक्षा विकास तथा समन्वय इकाइको भूमिका**.........................................................29

(घ) स्थानीय तहको भूमिका........................................................................................30

**(ङ) विद्यालय र व्यवस्थापन समिति तथा प्रधानाध्यापकको भूमिका**..................................30

**(च) EGRA, EGMA र CB-EGRA को परीक्षणमा परीक्षकको भूमिका**..................................30

**(छ) अनुगमनकर्ता**.................................................................................................31

**(ज) गैर सरकारी निकाय तथा अन्य दातृनिकाय**..........................................................31

**सन्दर्भ सूची**..........................................................................................................**32**

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

## सङ्क्षिप्त रूपहरू

| | |
|---|---|
| CBEGRA | : Classroom Based Early Grade Reading Assessment |
| ERO | : Education Review Office |
| EGRA | : Early Grade Reading Assessment |
| EGMA | : Early Grade Mathematics Assessment |
| TIMSS | : Trends in International Mathematics and Science Study |
| PIRLS | : Progress in International Reading Literacy Stud |

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

# अध्याय एक
# पठन तथा गणितीय सिप परीक्षण

## १.१ परिचय

पठन तथा गणितीय सिप बालबालिकाको सिकाइका मुख्य आधार हुन् । यी सिप मापन गर्न विद्यालयमा आधारित विभिन्न राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरका परीक्षण गर्ने अभ्यास छ । यस्ता परीक्षणका नतिजाहरूले विद्यार्थीको सिकाइ सुनिश्चित गर्न र शिक्षण सिकाइमा सुधार ल्याउनुका साथै, नीति, योजना तथा कार्यक्रममा सुधारका लागि पद्धतिगत पृष्ठपोषण दिने गर्छन् । प्रारम्भिक कक्षा पठन सिप परीक्षण (Early Grade Reading Assessment- EGRA), प्रारम्भिक कक्षा गणितीय सिप परीक्षण (Early Grade Mathematics Assessment-EGMA), कक्षा ४ र ८ को लागि गणित र विज्ञान विषयको अन्तर्राष्ट्रिय परीक्षण (Trends in International Mathematics and Science Study – TIMSS), कक्षा ४ का विद्यार्थीका लागि अन्तर्राष्ट्रिय पठन साक्षरता परीक्षण (Progress in International Reading Literacy Study - PIRLS) आदि विश्वमा अभ्यासमा रहेका परीक्षण हुन् ।

नेपालको विद्यालय शिक्षाको पाठ्यक्रममा पनि पठन तथा गणितीय सिपलाई आधारभूत साक्षरताका सिपका रूपमा समावेश गरिएको छ । विद्यार्थीको सिकाइ उपलब्धिस्तर परीक्षणका लागि कक्षा ३ मा पठन तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (National Assessment of Reading and Numeracy – NARN) र कक्षा ५, ८ र १० मा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण ( National Assessment of Students Achievement (NASA) जस्ता राष्ट्रिय परीक्षण सञ्चालन भएका छन् । सन् २०११, २०१२, २०१३, २०१५, २०१७, २०१८, २०१९, २०२०, २०२२ र २०२३ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Education Review Office-ERO) ले विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सञ्चालन गरेको छ । त्यसैगरी राष्ट्रिय प्रारम्भिक कक्षा पठन सिपको परीक्षण (EGRA) र राष्ट्रिय प्रारम्भिक गणितीय सिप परीक्षण (EGMA) समेत सुरु गरिएको छ । यी दुबै सिप परीक्षण समावेश हुनेगरी सन् २०२० र २०२४ मा प्रारम्भिक कक्षामा पठन तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (National Assessment for Reading and Numeracy-NARN) सञ्चालन भएको छ ।

पठन तथा गणितको परीक्षणमा उल्लिखित विभिन्न अन्तर्राष्ट्रिय अभ्यास र NASA, EGRA, EGMA, CB-EGRA जस्ता परीक्षणबाट प्राप्त अनुभवका आधारमा पठन र गणितीय सिपहरू परीक्षण गर्न सकिने उपयुक्त विधि र प्रक्रियालाई थप परिष्कृत गर्दै जानुपर्ने देखिन्छ । प्रारम्भिक कक्षा (कक्षा १-३) मा बालबालिकाको पठन र गणितीय सिप परीक्षण गर्नका लागि उपयुक्त प्रक्रिया र साधन विकास र परिमार्जन गर्न एक व्यवस्थित ढाँचा विकास गरी उक्त ढाँचाका आधारमा परीक्षण साधन विकास गर्न अत्यावश्यक देखिएकाले यो परीक्षण ढाँचा विकास गरिएको हो ।

## १.२ औचित्य

पाठ्यक्रमले निर्धारण गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्न परीक्षणको व्यवस्थित ढाँचा आवश्यक पर्छ । यस सन्दर्भमा विभिन्न समयमा भिन्न भिन्न प्रकारका परीक्षणका ढाँचा विकास गरी परीक्षण हुने गरेको छ । सुरुमा राष्ट्रिय प्रारम्भिक कक्षा पठन सिपको परीक्षण (EGRA) मात्र सञ्चालन हुने गरेकामा यसलाई सहज, समावेशी र कक्षाकोठामा आधारित बनाउन तथा गणितीय सिपको समेत परीक्षण गर्न आवश्यक देखिएकाले यी सबै प्रकारका परीक्षणलाई समेट्नका लागि यो परीक्षण ढाँचा विकास गरिएको हो । यस परीक्षण ढाँचालाई प्रारम्भिक कक्षाका बालबालिकाको पठन र गणितीय सिपको परीक्षण गरी सिकाइमा सुधारका लागि प्रयोग गर्न सकिने छ । पठन तथा गणितीय सिपको परीक्षणका लागि प्रश्नावली निर्माणमा एकरूपता र विषयगत वैधता सुनिश्चित गर्न विशिष्टीकरण तालिका र नमुना प्रश्नसमेत अवश्यक पर्ने भएकाले सो पक्षलाईसमेत समेट्न परीक्षण ढाँचा अवश्यक भएको हो ।

## १.३. नेपालमा पठन तथा गणितीय सिप परीक्षणको अभ्यास

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) कक्षा ५, ८ र १० मा सञ्चालन गर्दै आएको छ । राष्ट्रियस्तरको परीक्षणका रूपमा NASA सञ्चालन गरिँदा राष्ट्रिय रूपमै नमुनाहरू छनोट गरी परीक्षण सञ्चालन गरिन्छ । यस परीक्षणको उद्देश्य विद्यार्थीको उपलब्धिका सम्बन्धमा वस्तुनिष्ठ र तुलनात्मक जानकारी प्रदान गर्नु हो तर यसले विद्यार्थीको उपलब्धिको परीक्षणमा मात्र सीमित राष्ट्रिय स्तरमा उपलब्धि परीक्षण गर्ने माध्यमका रूपमा पनि काम गरिरहेको छ । केन्द्रले सन्

२०१५ मा कक्षा ३ का विद्यार्थीको सिकाइ उपलब्धि पहिचान गर्न राष्ट्रिय परीक्षण गरिसकेको छ र यसको निरन्तरता र पठन तथा गणितीय सिपलाई प्रारम्भिक कक्षामा साक्षरताका मुख्य क्षेत्रका रूपमा ग्रहण गर्दै सन् २०२० र २०२४ मा NARN सम्पन्न भएका छन्। पठन तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (NARN) अध्ययनका प्रमुख उद्देश्यमा राष्ट्रिय पाठ्यक्रमका सिकाइ उपलब्धिका आधारमा विद्यार्थीको सिकाइस्तर पहिचान गर्नु, ती सिकाइ परीक्षणको भरपर्दो तथ्याङ्क सिर्जना गर्नु, समयसँगै प्रगति अनुगमन गर्नका लागि पहिलेका उपलब्धिहरूसँग तुलना गर्नु र विद्यार्थीको सिकाइस्तर सुधार गर्न नीति निर्माणका लागि सिफारिस गर्नु रहेको छ (ERO, 2015; ERO, 2020)।

प्रारम्भिक कक्षाहरूमा साक्षरता परीक्षणका लागि विभिन्न दृष्टिकोण रहेका छन्। विश्वव्यापी रूपमा कक्षा १, २ र ३ मा साक्षरता परीक्षणका लागि EGRA प्रयोग हुँदै आएको छ। EGRA को मूल उद्देश्य नमुनामा आधारित राष्ट्रिय वा प्रणालीस्तरमा परीक्षण गर्नु हो। यो निदानात्मक प्रकृतिको हुनका साथै शिक्षकको पेसागत विकास र तालिम कार्यक्रममा सुधार ल्याउनका लागि र शैक्षिक प्रणालीगत आवश्यकताका सम्बन्धमा मन्त्रालय, अन्तर्गतका निकाय तथार साझेदार निकायहरूलाई जानकारी गराउन सहयोगी हुने छ।

पठन सिप परीक्षण वैयक्तिक र सामूहिक गरी दुई किसिमले गर्न सकिन्छ। EGRA ले विद्यार्थीलाई वैयक्तिक विधिबाट परीक्षण गर्छ भने कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पठन सिप परीक्षण (Classroom Based Early Grade Reading Programme- CB-EGRA) मा विद्यार्थीलाई सामूहिक विधिबाट परीक्षण गरिन्छ जसलाई समूहमा आधारित साक्षरता परीक्षण (Group Administered Literacy Assessment - GALA) पनि भनिन्छ। यद्यपि, यी दुवै परीक्षण विधिबाट पठन सिपको परीक्षण गर्न सकिन्छ। गणितमा प्रारम्भिक कक्षा साक्षरताको महत्त्वलाई महसुस गर्दै धेरै देशले विभिन्न नाममा प्रारम्भिक कक्षा साक्षरता सिपको परीक्षण सञ्चालन गरेका छन्। प्रारम्भिक कक्षा गणितीय सिप परीक्षण (Early Grade Mathematics Assessment-EGMA) ती मध्ये एक हो। यस परीक्षणको उद्देश्य प्रारम्भिक कक्षामा गणित सिकाइका प्रारम्भिक सिप जस्तैः अङ्कहरू र तिनको अङ्क गणितीय अभ्यास र ज्यामितीय आकारको पहिचानमा जोड दिएको देखिन्छ। विगतमा विद्यालय तहको माथिल्लो कक्षाहरूमा विद्यार्थी उपलब्धि परीक्षण गरिएको तर प्रारम्भिक कक्षाहरूमा उपलब्धि परीक्षण नगरिएकाले आधारभूत तहको तल्लो कक्षामा उपलब्धि परीक्षण गर्नुपर्ने देखियो र यसको सुरूवात गरियो।

EGRA/ CB-EGRA र EGMA परीक्षणद्वारा प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन र गणितीय सिप दुवैको प्रभावकारी परीक्षण गर्नका लागि परीक्षण साधन विकास गर्नुपर्ने देखियो। यसका लागि परीक्षणको समय व्यवस्थापन, विशिष्टीकरण तालिका र विषयवस्तुको क्षेत्र र क्रम निर्धारण गर्नुपर्ने हुन्छ। समय व्यवस्थापनका लागि सामूहिक परीक्षणका हकमा १ घण्टासम्म र वैयक्तिक परीक्षणका हकमा भने बढीमा २० मिनेटसम्म हुनेगरी परीक्षण सञ्चालनका लागि समय निर्धारण गरिएको छ। समावेशी परीक्षणका हकमा भने अपाङ्गताको प्रकृति हेरी ५० प्रतिशतदेखि सतप्रतिशतसम्म समय थप गर्न सकिने छ।

## १.४ EGRA/ CB-EGRA र EGMA परीक्षणका उद्देश्य

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले कक्षा १ देखि ३ का लागि पठन र गणितीय सिपको परीक्षण गर्ने योजना बनाएको छ। यस परीक्षणका उद्देश्यहरू यसप्रकार रहेका छन् :

- प्रारम्भिक कक्षामा पठन र गणितीय सिपको परीक्षण र विश्लेषण गर्नु
- पठन सिप र गणितीय सिप हासिल गर्नका लागि नीति, योजना तथा कार्यक्रम निर्माण तथा सुधारका लागि प्रमाणमा आधारित सुझाव तथा पृष्ठपोषण प्रदान गर्नु

## १.५ परीक्षण ढाँचा विकास प्रक्रिया

परीक्षण ढाँचा विकासका लागि सम्बन्धित विषयका विषयविज्ञ रहेको समूह गठन गरिएको थियो। यस समूहले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परीक्षणका ढाँचा अध्ययन गरी नेपाली परिवेशअनुकूल हुनेगरी परीक्षण ढाँचाको मसौदा विकास गरेको थियो। उक्त मसौदामा पठन र गणितीय सिपको परीक्षण सम्बन्धमा परीक्षणमा राख्नुपर्ने विषयवस्तुहरू र सोहीबमोजिम तय गरिएका क्षेत्र तथा कार्य उपकार्यहरू कक्षा १-३ का विद्यार्थीहरूको स्तरअनुसार छन् कि छैनन् भनी सुनिश्चित गर्न सम्बन्धित विषयका विज्ञ र शिक्षकसँग छलफल तथा अन्तरक्रिया गरी प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा सुधार गरिएको थियो। यस परीक्षण ढाँचामा समावेशी मूल्याङ्कन अन्तर्गत दृष्टि र श्रवणसम्बन्धी अपाङ्गता भएका बालबालिकाको सिकाइ उपलब्धि परीक्षण गर्ने गरी विषयवस्तुको समायोजन र ग्रिड तयार गरिएको छ भने दृष्टि तथा श्रवणसम्बन्धी अपाङ्गता भएका बालबालिकाले सिकाइ उपलब्धि हासिल गरे नगरेको सुनिश्चित गर्न ध्यान दिनुपर्ने पक्षहरूसमेत समावेश गरिएको छ। क्रमिक रुपमा अन्य अपाङ्गता भएका बालबालिकाको सिकाइ उपलब्धि परीक्षण गर्ने गरी परीक्षण ढाँचालाई अद्यावधिक गर्दै लगिने छ। अन्त्यमा पठन तथा गणितीय सिप सम्बद्ध विषय

समितिमा छलफल गरी साधारण विद्यार्थी र अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ उपलब्धि गर्न परीक्षण ढाँचाको अन्तिमीकरण गरिएको थियो ।

## १.६ परीक्षण प्रक्रिया

बालबालिकाको पठन तथा गणितीय सिप परीक्षणका लागि विभिन्न तरिका अपनाइने गरिन्छ । परीक्षणका विधि र प्रक्रियालाई विश्वसनीय र वैध बनाउन उपलब्ध स्रोत र साधनका आधारमा परीक्षणका विभिन्न विधि अपनाउनुपर्ने हुन्छ । परीक्षणका विधि जस्तै एक जना परीक्षकले एक पटकमा एक जना विद्यार्थीलाई परीक्षण गर्ने वैयक्तिक विधि र एक जना परीक्षकले एक पटकमा बढीमा २० जना विद्यार्थीलाई समूहमा राखी परीक्षण गर्ने सामूहिक विधि अवलम्बन गर्नुपर्ने हुन्छ । यसरी व्यक्तिगत र सामूहिक रूपमा स्तरीकृत परीक्षण साधनको प्रयोग गरी पठन तथा गणितीय सिपको परीक्षण गरिने छ । पठन र गणितीय सिप परीक्षणका चरण यसप्रकार रहेका छन् ।




शैक्षिक गुणस्तर परीक्षण केन्द्र

यसरी पठन तथा गणितीय सिप परीक्षणका लागि सर्वप्रथम कार्यढाँचाको विकास गरिन्छ। कार्यढाँचाको अधीनमा रही शिक्षक एवम् विज्ञ सम्मिलित कार्यसमूहबाट परीक्षण साधनको मसौदा तयार गरिन्छ। परीक्षणको साधनमा सिकाइ शैलीमा विविधता भएका तथा अपाङ्गता भएका बालबालिकाको पहुँच पुऱ्याउन तथा उनीहरूको सिकाइ शैली अनुकूल बनाउन आवश्यकताअनुसार परीक्षण साधनको अनुकूलन गरिन्छ। तयार गरिएको परीक्षण साधनलाई पूर्व परीक्षण गरिन्छ। पूर्व परीक्षण गर्नुअगि तयार गरिएको परीक्षण साधनको मसौदालाई विद्यार्थीहरूको सानो समूहमा परीक्षण (coglab) गरी थप सुधार गरिन्छ। परिमार्जित साधनलाई सम्बन्धित विषय समितिमा छलफल गरी स्वीकृत भए पश्चात् पूर्व परीक्षण गरिन्छ। पूर्वपरीक्षणबाट प्राप्त पृष्ठपोषणका आधारमा प्रश्नपत्रको विश्लेषण र अन्तिमीकरण गरिन्छ। परीक्षण निर्देशन खण्ड, पृष्ठभूमि खण्डसमेतको पुनरवलोकन गरी साधनलाई अन्तिम रूप प्रदान गरिन्छ। अन्तिम रूप दिइएको परीक्षण साधनका आधारमा परीक्षकहरूका लागि तालिम सञ्चालन गरिन्छ। तालिम प्राप्त परीक्षकहरूलाई परिचालन गरी पठन तथा गणितीय सिपको परीक्षण कार्य सञ्चालन गरिन्छ। परीक्षणका क्रममा सम्बन्धित विषय विज्ञ तथा पदाधिकारीबाट नियमित अनुगमन गरी गुणस्तरको सुनिश्चितता एवम् स्थलगत सहयोग प्रदान गरिन्छ। परीक्षणको तथ्याङ्कलाई आवश्यक व्यवस्थापन एवम् विश्लेषण गरिन्छ। नमुनाअनुसारको खण्डीकृत औसत उपलब्धिका आधारमा तुलना, आधारसूचक (Benchmark) का आधारमा तुलना, प्रवृत्तिका (trend) आधारमा तुलना जस्ता आधारभूत विधिको प्रयोग गरी नतिजा प्राप्ति तथा विश्लेषण गरिन्छ। यसका साथै प्राप्त नतिजालाई विश्लेषण गरी प्रतिवेदन तयार गरिन्छ। प्रतिवेदन तयार गर्दा मुख्य प्रतिवेदन, प्राविधिक प्रतिवेदन, सारांश प्रतिवेदन तथा तथ्याङ्कीय प्रस्तुतीकरण नेपाली र अङ्ग्रेजी दुवै भाषा र आवश्यकताअनुसार मातृभाषा, ब्रेललिपिमा समेत तयार गरी तीनै तहका सरोकारवालाको सहभागितामा प्रबोधीकरण गरिन्छ। साथै प्रतिवेदनले सिफारिस गरेका सुझावका आधारमा सुधार कार्ययोजना निर्माण एवम् कार्यान्वयनका लागि कार्यक्रम तर्जुमा गरिन्छ। कार्यान्वयनलाई प्रभावकारी बनाउन सुपरिवेक्षण र अनुगमन गरिन्छ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

# अध्याय दुई
# परीक्षण विधि

EGRA, CB-EGRA र EGMA पठन र गणितीय सिपमा केन्द्रित भई गरिने परीक्षण हुन् । यी परीक्षणलाई राष्ट्रियस्तर, प्रादेशिकस्तर, जिल्लास्तर वा स्थानीयस्तरमा सञ्चालन गर्न सकिन्छ । यसका साथै सरोकारवालाहरूले परीक्षण गर्न चाहेमा यसै ढाँचा तथा साधन प्रयोग गर्नुपर्ने हुन्छ । EGRA र EGMA परीक्षण वैयक्तिक र CB-EGRA सामूहिक अथवा एउटा कक्षामा एकै पटक (सामान्यतः एक पटकमा २० जना सम्म गरी विद्यालय तहमा) परीक्षण गरिन्छ । अपाङ्गता भएका बालबालिकाका हकमा उपलब्धि परीक्षण गर्दा२० भन्दा कम विद्यार्थी सङ्ख्या भए पनि परीक्षण गर्न सकिन्छ ।

## २.१. जनसङ्ख्या र नमुना

पठन र गणितीय सिप परीक्षण प्रारम्भिक कक्षा १-३ का बालबालिकाहरूमा परीक्षण गर्ने प्रावधान भएतापनि यस परीक्षण ढाँचामा उल्लिखित सिकाइ उपलब्धिहरू विशेषतः कक्षा २ र ३ पढिसकेका विद्यार्थीको लागि परीक्षण गर्ने गरी तयार गरिएको छ । तसर्थ यस परीक्षण ढाँचाअनुसार तोकिएको क्षेत्रमा रहेका कक्षा २-३ सञ्चालित सबै विद्यालय र विद्यार्थी अध्ययनको जनसङ्ख्याभित्र पर्छन् । यसका लागि अनुसन्धानमा प्रतिनिधिमूलक रूपमा नमुना छनोट गरिने छ । विद्यालयलाई क्लस्टर मानेर प्रत्येक प्रदेश वा यस्तै संरचनालाई छुट्टै समूह मानी समानुपातिक रूपमा नमुना लिई प्रतिनिधित्व गराइन्छ । Probability Proportionate to Size (PPS) र Random Sample Selection जस्ता विधिको अवलम्बन गरिन्छ । पहिलो चरणमा विद्यालय छनोट गरिन्छ र दोस्रो चरणमा नमुनामा परेका विद्यालयबाट सबै विद्यार्थी वा विद्यालयमा अध्ययनरत विद्यार्थीमध्येबाट पुनः नमुना छनोट गरी अध्ययनको नमुना छनोट गरिन्छ ।

## २.२. परीक्षणका विधिहरू

मौखिक परीक्षण विधि प्रारम्भिक कक्षाका बालबालिकाको सिकाइ उपलब्धि परीक्षण गर्नका लागि सबैभन्दा राम्रो विधि भएको अध्ययनले देखाएका छन् । यद्यपि बालबालिकाको परीक्षणको आवश्यकताअनुसार मौखिक विधिको विकल्पमा साङ्केतिक भाषा वा लिखित परीक्षण दुवै विधि प्रयोग गरिन्छ । यसलाई ध्यान दिँदै EGRA, EGMA जस्ता परीक्षण मौखिक रूपमा गरिन्छ र समावेशीकरणका लागि वैकल्पिक विधि उपयोग गरिन्छ भने, CB-EGRA पनि शिक्षकले दिएको मौखिक निर्देशनलाई पालन गर्दै परीक्षणका लागि लिखित परीक्षण विधि अवलम्बन गरिन्छ । यी सबै किसिमका परीक्षण गर्नका लागि परीक्षण साधनको विकास गरिन्छ । क्षेत्र र क्रमका लागि अध्याय चारमा दिइएको ढाँचा हेर्न सकिन्छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

# अध्याय तीन

# परीक्षणका प्रकार

## ३.१. प्रारम्भिक कक्षा पठन सिप परीक्षण (Early Grade Reading Assessment-EGRA)

बालबालिकाले मौखिक तथा लिखित सामग्री सुन्न, पढ्न , सङ्केत गर्न, सञ्चार र अन्तर्क्रिया गर्न तथा बोध गर्नसक्नु सिकाइ क्षमताको आधारभूत सिप हो । उक्त सिप हासिल गर्नका लागि प्रारम्भिक तह (कक्षा १-३) मा नै उपयुक्त गति, यति र लयमा सुन्न, पढ्न , सङ्केत गर्न, सञ्चार र अन्तर्क्रिया गर्न तथा बोध गर्नसक्नु आवश्यक हुन्छ । त्यसैले उक्त तहमा पठन सिपको विकास अनिवार्य मानिन्छ । पठन सिपका लागि वर्ण, मात्रा र तिनका स्वरूप पहिचानका साथै प्रत्येक वर्णहरूलाई शब्दमा विसङ्केतन गर्न सक्नुपर्छ । बालबालिकाको पठन सिपसम्बन्धी कमजोरीका क्षेत्र पहिचान गर्न र सुधारका उपाय खोजी गर्नका लागि पठन सिप परीक्षण गरिन्छ । यस किसिमको परीक्षणले शिक्षाका नीति तथा योजना निर्माण तह, पाठ्यक्रम निर्माता शैक्षिक अनुसन्धानकर्ता, शिक्षा विकासकर्ता, विद्यालय, शिक्षक, अभिभावकलाई पठन सिप अभिवृद्धिका लागि पृष्ठपोषण प्रदान गर्छ ।

### ३.१.१ उद्देश्य

(क) बालबालिकाको पठन सिपको अवस्था पहिचान गर्नु

(ख) राष्ट्रियस्तरमा तुलनायोग्य सूचक (Indicator) तय गर्नु

(ग) बालबालिकाको पठन सिपलाई दिगो विकासका लक्ष्यमा आधारित स्तरसँग तुलना गर्नु

(घ) प्रारम्भिक कक्षाको पठनसम्बन्धी नीति निर्माण र कार्यक्रम निर्माणका लागि आधार तयार गर्नु

### ३.१.२ प्रक्रिया

- परीक्षण ढाँचामा निर्धारित भाषिक तत्वका आधारमा बनेका परीक्षण साधन प्रयोग गरी परीक्षण सञ्चालन (पठन तत्त्व-ध्वनि सचेतीकरण, लेख्य वर्ण सचेतीकरण, शब्दभण्डार, पठनप्रवाह, पठनबोध, बोध तथा पठन तत्वको अनुकूलन गर्ने जस्ता कार्य)
- स्वतन्त्ररूपमा परीक्षण सञ्चालन गर्ने विद्यालय र तोकिएका कक्षाका विद्यार्थीको नमुना छनोट
- स्वतन्त्र परीक्षकद्वारा परीक्षण
- प्रत्येक विद्यार्थीलाई छुट्टाछुट्टै परीक्षण
- एक पटकमा एक जना विद्यार्थीको मात्र परीक्षण
- स्तरीकृत साधनद्वारा परीक्षण
- साधारण परीक्षणका लागि १५ देखि २० मिनेट समय निर्धारण तथा अपाङ्गताको प्रकृति र गाम्भीर्यका आधारमा ५० प्रतिशतदेखि शतप्रतिशतसम्म समय व्यवस्थापन
- शुद्ध पढाइ र पठन गति मापनका लागि समयसूचक यन्त्र (Stop watch) वा ट्याबलेटमा आधारित विशेष Software मा समय अवलोकन
- विद्यार्थीको सही प्रतिक्रिया सुनेर श्रुतिबोध, पठनबोध, सञ्चार र अन्तर्क्रिया जस्ता कुराको मापन
- ध्वनि, मात्रा, शब्दको शुद्ध उच्चारण तथा सङ्केत प्रति मिनेटमा मापन

### ३.१.३ प्रश्नगत (Item wise) कार्य

प्रश्नगत कार्य सुरू गर्नुभन्दा पहिला विद्यार्थीसँग छोटो कुराकानी गरी रमाइलो र सहज वातावरण बनाउनुपर्छ । यस परीक्षण प्रक्रियालाई विद्यार्थीले परीक्षाका रूपमा नलिई एउटा भाषिक खेलका रूपमा लिउन् भन्नेमा ध्यान दिनुपर्ने हुन्छ । यसरी प्रत्येक कार्यमा बालबालिकालाई कसरी कुराकानी गर्दा बढी सहज हुन्छ भन्नेमा पनि ध्यान दिनुपर्ने हुन्छ । परीक्षण प्रक्रिया सुरू गर्नुभन्दा पहिला विद्यार्थीको मौखिक सहमति लिनुपर्ने हुन्छ । यदि मौखिक सहमति नभएमा उक्त विद्यार्थीलाई धन्यवाद दिई अर्को विद्यार्थी बोलाई पुनः यसरी नै कार्य सुरूवात गर्नुपर्ने हुन्छ ।

## ३.२. कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पठन सिप परीक्षण (Classroom Based Early Grade Reading Assessment, CB-EGRA)

स्तरीकृत परीक्षण साधनको प्रयोग गरी कक्षा १-३ सम्मका बालबालिकाको सहभागितामा सम्बन्धित कक्षाका बालबालिकाका अभिभावकको प्रतिनिधित्वपूर्ण उपस्थिति गराई कक्षा शिक्षकद्वारा नै सञ्चालन गरिने परीक्षणलाई कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पठन सिप परीक्षण (CB-EGRA) भनिन्छ । यस किसिमको परीक्षण अभिभावक तथा स्थानीय तहसमेतको सहभागितामा प्राप्त नतिजाको विचार मन्थन गरी शिक्षण सिकाइ सुधारका लागि पृष्ठपोषण आदानप्रदान गर्न उपयोग गरिन्छ । CB-EGRA ले बालबालिकामा रहेको पठन सिप कुन स्तरमा छ र सुधारका लागि शिक्षाका नीति निर्माण तथा कार्यक्रम निर्मातालाई के कस्ता कार्यक्रम तय गर्ने भन्ने सुझाव दिन्छ ।

### ३.२.१ उद्देश्य

कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पठन सिप परीक्षणका उद्देश्यहरू यस प्रकार रहेका छन् :

(क) बालबालिकामा रहेको पठन सिप, सङ्केत, सञ्चार र अन्तर्क्रियाको स्तर मापन गर्नु

(ख) विद्यालयगत, कक्षागत, विषयगत, स्थानीय तहगत, जिल्लागत विद्यार्थीको उपलब्धिको खण्डीकृत अवस्थाको तथ्याङ्क उपलब्ध गराउनु

(ग) तथ्याङ्कलाई आधार मानी बालबालिकामा रहेको पठन सिप, सङ्केत, सञ्चार र अन्तर्क्रिया सुधारका लागि शिक्षाका नीति निर्माता तथा कार्यक्रम निर्मातालाई कार्यक्रम तय गर्न सुझाव प्रदान गर्नु

(घ) परीक्षण कार्यमा अभिभावक र विद्यालयका सरोकारवालाको उपस्थिति गराई भावी दिनमा पठन सिप सुधारका लागि योजना तयार गर्नु

### ३.२.२ प्रक्रिया

यस परीक्षणका लागि यी प्रक्रिया अपनाइनेछ :

- कक्षामा भएका सबै विद्यार्थीको एकै चरणमा परीक्षण गरिने
- निर्देशिकामा उल्लेख भएको प्रावधानबमोजिम परीक्षण सञ्चालन गरिने
- सेट १ र सेट २ गरी दुईओटा समान कठिनाइस्तरका समानान्तर सेट तयार गरिने
- सम्बन्धित विद्यालयका विषय शिक्षकबाट नै यो परीक्षण सञ्चालन गरिने
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र अभिभावकबाट परीक्षणको अवलोकन गरिने
- एउटा पिरियडको समयावधिमा सम्पन्न गरिने र अपाङ्गता भएका बालबालिकाका लागि अपाङ्गताको प्रकृति र गाम्भीर्यताको आधारमा पचासदेखि शतप्रतिशतसम्म समय थप गरिने

### ३.२.३ उपकार्य

कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पठन सिप परीक्षण अन्य परीक्षा जस्तो विद्यार्थीलाई प्रश्नपत्र वितरण गर्ने र निर्धारित समय समाप्त भएपछि उत्तरपुस्तिका सङ्कलन गर्ने किसिमको होइन । यस परीक्षणमा शिक्षक र विद्यार्थी सँगसँगै हुनुपर्छ । शिक्षकद्वारा एउटा पिरियडको अवधिमा परीक्षण कार्य सक्ने गरी शब्द पहिचान, शब्द निर्माण, शब्द भण्डार, श्रुतिलेखन, पठनबोध र अनुच्छेद लेखन तथा सङ्केतीकरण गरी जम्मा ६ ओटा उपकार्यबाट मात्र प्रश्नहरू बनाइन्छ । प्रत्येक उपकार्य सञ्चालनका लागि शिक्षक निर्देशिकामा स्पष्ट निर्देशन दिइएको छ । शब्द पहिचान उपकार्य गराउँदा शिक्षक निर्देशिकामा रहेको कुनै एक शब्द विद्यार्थीको परीक्षण साधनमा रहेको शब्दको लहरमध्येबाट पहिचान गर्न लगाइन्छ । यसरी शब्द पहिचान उपकार्य सकिएको यकिन भएपछि मात्र शब्द निर्माण उपकार्य गराइन्छ । यसै गरी अन्तिम कार्य नसकिएसम्म नै यही प्रक्रियालाई निरन्तरता दिइन्छ । शब्द निर्माण उपकार्यमा वर्ण थपेर, झिकेर तथा शब्द जोडेर नयाँ शब्द निर्माण गर्न लगाउने र वाक्यमा जोडिएका शब्द छुट्याई सही वाक्य निर्माण गर्न लगाइन्छ । शब्द भण्डार उपकार्यमा विद्यार्थीको परीक्षण साधनमा रहेको शब्दको लहरमध्येबाट पर्यायवाची, विपरीतार्थी, अनेकार्थी र अनुकरणात्मक शब्दको पहिचान गराउने कार्य गरिन्छ । श्रुतिलेखन उपकार्यमा शिक्षक निर्देशिकामा भएका शब्द र वाक्य केही सेकेण्डको अन्तरालमा तीन पटक उच्चारण गरी विद्यार्थीलाई जस्ताको तस्तै लेख्न लगाइन्छ । पठनबोध उपकार्य ६० शब्दसम्मको एक अनुच्छेदको मौन पठन गराई त्यससँग सम्बन्धित चारओटा प्रश्नको उत्तर लेख्न लगाइन्छ भने अनुच्छेद लेखन उपकार्यमा कुनै परिचित शीर्षक दिई पाँच वाक्यसम्मको अनुच्छेद लेख्न दिइन्छ ।

## ३.३ प्रारम्भिक कक्षा गणितीय सिप परीक्षण

प्रारम्भिक कक्षाका लागि गणितीय सिप महत्त्वपूर्ण क्षेत्र हो । यसमा सङ्ख्याको ज्ञान, गणितका आधारभूत क्रियाहरू, ज्यामितीय आकारहरूको पहिचान र मापन, वस्तु तथा समयको मापन र तथ्याङ्कको जानकारीसम्बन्धी गणितीय सिपहरू रहेका छन् । EGMA प्रारम्भिक कक्षाको गणितीय सिपको परीक्षण हो । यो प्रारम्भिक कक्षाहरूमा गणित विषयमा विद्यार्थीको आधारभूत सिपहरू मापन गर्न विकास गरिएको छ । खास गरी यो वैयक्तिक रूपमा गरिने परीक्षण हो । विद्यार्थीले परीक्षकलाई सबै प्रश्नको मौखिकरूपमा उत्तर दिन्छन् । मौखिक रूपमा उत्तर नदिने अपाङ्गता भएका बालबालिकाले उत्तर दिदाँ आवश्यकताअनुसार उपयुक्त माध्यम अपनाउन सकिन्छ । EGMA परीक्षणका साधनले पाठ्यक्रमका सबै सिकाइ उपलब्धि र दक्षता पूर्णरूपमा मापन गर्दैन । यसले आधारभूत गणितीय सिपका सम्बन्धमा जानकारी प्रदान गर्छ जुन प्रारम्भिक कक्षाहरूमा विकास गरिनुपर्छ । त्यसैले यस परीक्षण साधनले गणितीय सिप हासिल गर्ने प्रारम्भिक कक्षामा सङ्ख्याको ज्ञान, गणितका आधारभूत क्रिया र ज्यामितीय कार्यलाई जोड दिन्छन् । प्रारम्भिक कक्षाहरूमा हासिल गरेका आधारभूत गणितीय सिप माथिल्लो कक्षाका सिकाइका लागि महत्त्वपूर्ण हुन्छन् । यसले राष्ट्रियस्तरमा विद्यार्थीले पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि कसरी र कुनस्तरसम्म हासिल गरेका छन् भनी निर्धारण गर्न र कुनै पाठ्यक्रम विशेषको प्रभावकारिता, क्रियाकलाप र शिक्षक तालिम कार्यक्रमको प्रभावकारिता परीक्षण गर्न प्रयोग गरिन्छ (EGMA, 2014) ।

### ३.३.१ उद्देश्य

प्रारम्भिक कक्षा गणितीय सिप परीक्षणका उद्देश्य यस प्रकार रहेका छन् :

(क) प्रारम्भिक कक्षाको आधारभूत गणितीय सिपहरूको परीक्षण गर्नु

(ख) राष्ट्रियस्तरमा तुलनात्मक सूचकको विकास गर्नु

(ग) प्रारम्भिक कक्षाका विद्यार्थीको गणितीय सिपको विद्यमान अवस्था पत्ता लगाई सुधार गर्नका लागि नीति तर्जुमा गर्न सुझाव दिनु

(घ) गणितीय सिप परीक्षण र सिकाइ सम्बन्धमा नीतिगत, योजनागत र कार्यक्रमगत सुधार तथा तर्जुमाका लागि सुझाव दिनु

### ३.३.२ प्रक्रिया

प्रारम्भिक कक्षा गणितीय सिप परीक्षणका प्रक्रिया देहायअनुसार हुने छन् :

- प्रारम्भमा बालबालिकाको रुचिका विषय सम्बन्धमा कुराकानी गरी सौहार्द सम्बन्ध विकास गरेपछि मात्र परीक्षण कार्य अगाडि बढाउने
- यदि विद्यार्थीबाट मौखिक सहमति प्राप्त नभएमा परीक्षकले विद्यार्थीलाई धन्यवाद दिएर अर्को विद्यार्थीको परीक्षण कार्य अगाडि बढाउने
- कक्षा २ र ३ का विद्यार्थीसँग वैयक्तिक एवम् मौखिकरूपमा सञ्चालन गर्ने
- अपाङ्गता भएका बालबालिकाका लागि अपाङ्गताको प्रकृति र आवश्यकताअनुसार अनुकूलन गरी परीक्षण सञ्चालन गर्ने
- तालिम प्राप्त परीक्षण सञ्चालकद्वारा परीक्षण सञ्चालन गर्ने
- EGMA को अनुमानित परीक्षण समय १५ देखि २० मिनेटको हुने तर अपाङ्गताको प्रकृति र गाम्भिर्यताको आधारमा ५० प्रतिशत देखि शतप्रतिशत सम्म समय थप गर्न सकिने
- विद्यार्थीले गलत उत्तर दिएमा वा कुनै प्रश्नको उत्तर दिन असमर्थ भएमा परीक्षकले ५ सेकेन्डसम्म पर्खिएर धन्यवाद दिँदै अर्को प्रश्नमा अगाडि बढ्ने

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

### ३.३.३ उपकार्य

EGMA परीक्षणका लागि १० उपकार्य देहायअनुसार रहेका छन् (उपकार्यमा अपाङ्ताको प्रकृति र आवश्यकताका आधारमा अनुकूलन गरिने छ।)

| उपकार्य | उपकार्यको व्याख्या |
|---|---|
| उपकार्य १: ज्यामितीय आकारहरूको पहिचान | यसमा मुख्य दुई प्रश्न रहने छन् जसमा (क) ज्यामितीय आकारहरू (त्रिभुज, वृत्त र चतुर्भुज) को पहिचान (ख) ठोस वस्तुको चित्रको आधारमा सतहको आकार पहिचान (त्रिभुज, वृत्त र चतुर्भुज) गर्न लगाइने छ। |
| उपकार्य २: सङ्ख्या पहिचान | यसमा हिन्दु अरेबिक र देवनागरी दुवै सङ्ख्याङ्कन पद्धतिका एक अङ्क, दुई अङ्क र तीन अङ्कले बनेका १२ ओटा सङ्ख्या भएको तालिकाको प्रयोग गरिने छ। |
| उपकार्य ३: सङ्ख्याको तुलना | यसमा एक अङ्क, दुई अङ्क र तीन अङ्कले बनेका ८ जोडी सङ्ख्याको प्रयोग गरिने छ। |
| उपकार्य ४: सङ्ख्याको ढाँचा | एक अङ्कका सङ्ख्या, दुई अङ्कका सङ्ख्या र तीन अङ्कका सङ्ख्यामा घट्ने वा बढ्ने र दुईओटा सङ्ख्या छाडी गणना गर्ने विभिन्न पाँचओटा ढाँचाको प्रयोग गरिने छ। |
| उपकार्य ५: भिन्नको पहिचान | यसमा आधा, एक तिहाइ, दुई तिहाइ, एक चौथाई र तीन चौथाइ भागमा छाया पारिएको चित्र देखाई प्रत्येक विद्यार्थीलाई कुनै तीनओटा प्रश्न सोधिने छन्। |
| उपकार्य ६: गणितका आधारभूत क्रिया- जोड | यसमा दुई तहका प्रश्नहरू रहने छन्; पहिलो तहमा दुईओटा एक अङ्कका सङ्ख्याको जोड र दोस्रो तहमा दुई अङ्कले बनेका दुई ओटा सङ्ख्याको जोड, दुई अङ्कले बनेको पहिलो सङ्ख्या र एक अङ्कले बनेको दोस्रो सङ्ख्याको जोड र एक अङ्कले बनेको पहिलो सङ्ख्या र दुई अङ्कले बनेको दोस्रो सङ्ख्याको जोड सम्बन्धी प्रश्न सोधिने छन्। |
| उपकार्य ७ : गणितका आधारभूत क्रिया- घटाउ | यसमा दुई तहका प्रश्न रहने छन्; पहिलो तहमा एक अङ्कको सङ्ख्याबाट एक अङ्कको सङ्ख्या घटाउने र दोस्रो तहमा दुई अङ्कले बनेको सङ्ख्याबाट दुई अङ्कले बनेको सङ्ख्या घटाउने र दुई अङ्कले बनेको सङ्ख्याबाट एक अङ्कले बनेको सङ्ख्या घटाउने प्रश्न सोधिने छन्। |
| उपकार्य ८ : समय अध्ययन | यसमा पात्रो अध्ययन गरी प्रस्तुत गर्ने सिप परीक्षण समेटिने छ । यस उपकार्यमा पात्रो अध्ययन गर्न दिएर दिन, महिना र वर्षसम्बन्धी तीनओटा प्रश्न सोधिने छन्। |
| उपकार्य ९ : चित्रग्राफ अध्ययन | चित्रग्राफ अध्ययन गरेर चित्रग्राफमा भएका वस्तुको सङ्ख्या पहिचान गर्ने र ती वस्तुका सङ्ख्याबिच तुलना गर्ने गरी दुईओटा प्रश्नहरू समावेश गरिने छन्। |
| उपकार्य १० : शाब्दिक समस्या | यसमा दुई तहका प्रश्न रहने छन्; पहिलो तहमा समस्या अध्ययन गरी गणितका आधारभूत क्रिया (जोड वा घटाउ) को प्रयोग गरी समस्या समाधान गर्ने र दोस्रो तहमा कुनै काममा लागेको समय पत्ता लगाउने प्रश्न सोधिने छ। |

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

# अध्याय चार

# प्रारम्भिक कक्षा पठन तथा गणितीय सिप परीक्षणका ढाँचा

प्रारम्भिक कक्षा पठन तथा गणितीय सिप परीक्षण ढाँचामा पठन र गणितीय सिपमा केन्द्रित EGRA, CB-EGRA, EGMA परीक्षणहरू समावेश गरिने छन् । यी परीक्षण पाठ्यक्रममा आधारित भएर सञ्चालन गर्नका लागि पाठ्यक्रमले तोकेका सक्षमतामा केन्द्रित सिकाइ उपलब्धिहरू कुन हदसम्म प्राप्त गर्न सकियो भनेर हेर्नका लागि गरिन्छ । पाठ्यक्रमले तोकेका क्षेत्र, विस्तृतीकरण साथै सिकाइ उपलब्धिलाई दिइएको तालिकामा प्रस्तुत गरिएको छ । सोही विषयगत तालिकाहरूलाई आधार मानेर पठन तथा गणितीय सिप परीक्षण साधन निर्माण गरिएको छ ।

## ४.१ (क) EGMA का विषय क्षेत्र तथा उपकार्यहरू

**(विषय क्षेत्र र उपकार्यहरूलाई अपाङ्ताको प्रकृति र आवश्यकताका आधारमा अनुकूलन गरिने छ ।)**

| क्र.स. | विषय क्षेत्र | उपकार्यहरू | मापन हुने सिकाइ उपलब्धिहरू |
|---|---|---|---|
| १. | ज्यामिति | १.१ ज्यामितीय आकारहरूको पहिचान | ज्यामितीय आकारहरू (त्रिभुज, वृत्त तथा चतुर्भुज) को पहिचान गर्न |
| २. | सङ्ख्याको ज्ञान | २.१ सङ्ख्याको पहिचान | तीन अङ्कसम्मले बनेका सङ्ख्यालाई पढ्न |
| | | २.२ सङ्ख्याको तुलना | तीन अङ्कसम्मले बनेका सङ्ख्याको तुलना गर्न |
| | | २.३ सङ्ख्याको ढाँचा | दिइएको सङ्ख्याको ढाँचा पहिचान गर्न |
| | | २.४ भिन्नको पहिचान | दिइएको छाया पारिएको चित्रको आधारमा भिन्न (आधा, एक तिहाइ, दुई तिहाइ, एक चौथाइ र तीन चौथाइ) को पहिचान गर्न |
| ३. | आधारभूत क्रियाहरू (शाब्दिक समस्यासहित) | ३.१ जोड | दुई अङ्कसम्मले बनेका सङ्ख्याको जोड गर्न |
| | | ३.२ घटाउ | दुई अङ्कसम्मले बनेका सङ्ख्याको घटाउ गर्न |
| ४. | नाप | ४.१ समयको ज्ञान | पात्रो अध्ययन गर्न<br>कुनै कार्यमा लागेको समयावधि पत्ता लगाउन |
| ५. | साधारण ग्राफ | ५.१ चित्रग्राफ | चित्रग्राफबाट जानकारी लिन वा दिन |

## ४.१ (ख) EGMA को विशिष्टीकरण तालिका (क्षेत्र र उपकार्यसहित)

**अपाङ्ताको प्रकृति र आवश्यकताका आधारमा विशिष्टिकरण तालिका अनुकूलन गरिने छ ।**

| क्र.स. | विषय क्षेत्र | उपकार्य | संज्ञानात्मक तह | प्रश्न सङ्ख्या | प्रश्नको विस्तृतीकरण | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ज्यामिति | १.१ ज्यामितीय आकारहरूको पहिचान | ज्ञान तथा बोध | १ | देहायका विषयवस्तुबाट दुईओटा प्रश्नहरू सोध्ने;<br>(अ) त्रिभुज, चतुर्भुज र वृत्तको चित्र<br>(आ) वृत्ताकार, चतुर्भुजाकार, र त्रिभुजाकार सतह भएका वस्तुको चित्र | ३० सेकेन्ड | दिइएका चित्रहरू देखाई ५ सेकेन्ड रोकिने नियम पालना गर्दै अगाडि बढ्ने |
| २. | सङ्ख्याको ज्ञान | २.१ सङ्ख्याको पहिचान<br>क) हिन्दु अरेबिक<br>ख) देवनागरी | ज्ञान | २ | प्रत्येक प्रश्नमा हिन्दु अरेबिक र देवनागरी सङ्ख्याङ्कन पद्धतिमा सङ्ख्या लेख्नुपर्ने छ<br>प्रत्येक प्रश्नावलीका १२ ओटा सङ्ख्या देहायअनुसार हुनेछन्;<br>- एक अङ्कले बनेका तीनओटा सङ्ख्या<br>- दुई अङ्कले बनेका छओटा सङ्ख्या (२० भन्दा साना बढीमा दुईओटा सङ्ख्या)<br>- तीन अङ्कले बनेका तीनओटा सङ्ख्या | २×३० सेकेन्ड | दिइएको ४×३ को तालिकामा रहेको सङ्ख्या पढ्ने<br>हिन्दु अरेबिक सङ्ख्यालाई हिन्दु अरेबिक प्रणालीमा नै पहिचान गर्न /पढ्न लगाउने<br>देवनागरी सङ्ख्यालाई देवनागरी प्रणालीमा नै पहिचान गर्न/पढ्न लगाउने |
| | | २.२ सङ्ख्याको तुलना | बोध | १ | आठ जोडी सङ्ख्या सहितको प्रश्न;<br>• एक अङ्कले बनेका दुई जोडी सङ्ख्या<br>• दुई अङ्कले बनेका तीन जोडी सङ्ख्या, र<br>• तीन अङ्कले बनेका तीन जोडी सङ्ख्या | ६० सेकेन्ड | • विद्यार्थीले दिइएको ८×२ को तालिकामा राखिएका हरेक जोडीमा भएका सङ्ख्या मध्ये ठुलो सङ्ख्या पहिचान गर्न सके नसकेको अभिलेख गर्ने<br>• हरेक जोडीका लागि ५ सेकेन्डको रोकिने नियम पालना गर्दै अगाडि बढ्ने |
| | | २.३ सङ्ख्याको ढाँचा | बोध | १ | पाँचओटा सङ्ख्याको ढाँचा भएको एउटा प्रश्न;<br>• एक अङ्कले बनेका र दुई अङ्कले बनेका सङ्ख्याको एकका दरले बढ्ने र घट्ने दुईओटा ढाँचा<br>• दुई अङ्कले बनेका सङ्ख्याको दुईका दरले बढ्ने एउटा ढाँचा<br>• दुई अङ्कले बनेका सङ्ख्याको १० ले बढ्ने एउटा ढाँचा | ६० सेकेन्ड | विद्यार्थीले हरेक सङ्ख्याको ढाँचामा छुटेको सङ्ख्या भन्न सके नसकेको अभिलेख राख्ने विद्यार्थीले जवाफ दिन नसकेको अवस्थामा ५ सेकेन्डको रोकिने नियम पालना गर्दै अगाडि बढ्ने |

| क्र.स. | विषय क्षेत्र | उपकार्य | संज्ञानात्मक तह | प्रश्न सङ्ख्या | प्रश्नको विस्तृतीकरण | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | • तीन अङ्कले बनेका सङ्ख्याको १०० ले बढ्ने एउटा ढाँचा | | |
| | | २.४ भिन्नको पहिचान | बोध | १ | आधा, एक चौथाइ, एक तिहाइ, दुई तिहाइ र तीन चौथाइ मध्ये कुनै तीनओटा भिन्न जनाउने चित्र समावेश भएका तीनओटा प्रश्न | ६० सेकेन्ड | दिइएका चित्रहरू देखाउँदै उपयुक्त भिन्न भन्न लगाउने<br>पाँच सेकेन्डको रोकिने नियम पालना गर्दै अगाडि बढ्ने |
| ३. | आधारभूत क्रियाहरू | ३.१ जोड | प्रयोग, तार्किकता | २ | **तह १:**<br>• एक अङ्कले बनेका दुईओटा सङ्ख्याको जोडसम्बन्धी चारओटा प्रश्नहरू<br>**तह २:**<br>चारओटा प्रश्नहरू;<br>• दुई अङ्कले बनेका दुईओटा सङ्ख्याहरूको जोडसम्बन्धी दुई प्रश्नहरू<br>• दुई अङ्कले बनेको पहिलो एउटा सङ्ख्या र एक अङ्कले बनेको दोस्रो अर्को सङ्ख्याको जोडसम्बन्धी एउटा प्रश्न<br>• एक अङ्कले बनेको पहिलो एउटा सङ्ख्या र दुई अङ्कले बनेको दोस्रो सङ्ख्याको जोडसम्बन्धी एउटा प्रश्न | तह १ को लागि ६० सेकेन्ड<br><br>तह २ को लागि समय सीमा नरहने | पाँच सेकेन्डको रोकिने नियम पालना गर्दै अगाडि बढ्ने<br>तह १ मा शून्य अङ्क प्राप्त गर्ने विद्यार्थीका लागि यो उपकार्य नगराउने<br>विद्यार्थीले प्रयोग गरेको समस्या समाधानका लागि उल्लिखित तीन सिप मध्ये जुन प्रयोग गरेको छ, त्यो अभिलेख राख्ने<br>क. औंला/धर्का<br>ख. कागज तथा कलम, र ग. मनमनै.....<br>प्रश्नहरूको कठिनाइस्तर बढ्दो क्रममा हुनुपर्ने र योगफल ७० भन्दा धेरै हुन नहुने |
| | | ३.२ घटाउ | प्रयोग, तार्किकता | २ | **तह १:**<br>एक अङ्कले बनेको ठुलो सङ्ख्याबाट सानो सङ्ख्या घटाउने ४ ओटा प्रश्नको सेट<br>**तह २:**<br>४ ओटा प्रश्नहरूको सेट | तह १ को लागि ६० सेकेन्ड | कुनै प्रश्नहरू तह १ को जोडको उल्टो पनि हुनसक्ने<br>५ सेकेन्डको रोकिने नियम पालना गर्दै अगाडि बढ्ने<br>तह १ मा शून्य अङ्क प्राप्त गर्ने विद्यार्थीका लागि यो उपकार्य नगराउने |

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

| क्र.स. | विषय क्षेत्र | उपकार्य | संज्ञानात्मक तह | प्रश्न सङ्ख्या | प्रश्नको विस्तृतीकरण | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | • दुई अङ्कले बनेको ठुलो सङ्ख्याबाट दुई अङ्कले बनेको सानो सङ्ख्या घटाउने दुईओटा प्रश्नको सेट<br>• दुई अङ्कले बनेको सङ्ख्याबाट एक अङ्कले बनेको सङ्ख्या घटाउने दुईओटा प्रश्नहरूको सेट | तह २ को लागि समय सिमा नरहने | विद्यार्थीले प्रयोग गरेको समस्या समाधानका लागि उल्लिखित तीन सिप मध्ये जुन प्रयोग गरेको छ त्यो अभिलेख गर्ने<br>क. औंला/धर्का<br>ख. कागज तथा कलम, र ग. मनमनै प्रश्नहरूलाई कठिनाइस्तरअनुसार बढ्दो क्रममा राख्नुपर्ने |
| ४. | नाप | ४.१ समयको ज्ञान | बोध | १ | साल, महिना, गते र बार उल्लेख भएको क्यालेन्डरको कुनै एक भाग र त्यससँग सम्बन्धित तीनओटा प्रश्न | ६० सेकेन्ड | विद्यार्थीले दिइएको क्यालेन्डर हेरेर सोधिएको प्रश्नको उत्तर भन्न सके<br>नसकेको अभिलेखराख्ने ।<br>पाँच सेकेन्डको रोकिने नियम पालना गर्दै अगाडि बढ्ने |
| ५. | साधारण ग्राफ | ५.१ चित्रग्राफ अध्ययन | बोध | १ | चित्रग्राफमा दिइएको जानकारी लिने र दिने तथा तुलना गर्ने खालका दुईओटा प्रश्नहरू गर्ने | ६० सेकेन्ड | विद्यार्थीले दिएको प्रतिक्रियालाई अभिलेख गर्ने<br>५ सेकेन्डको रोकिने नियम पालना गर्दै अगाडि बढ्ने |
| ६. | | शाब्दिक समस्या | समस्या समाधान | ५ | तह १ को जोड र घटाउसँग सम्बन्धित एक एकओटा प्रश्न<br>जोड (दुवै addends दिइएको र नतिजा थाहा नभएको अवस्था )<br>घटाउ (दुवै minuend र subtrahend दिइएको तर नतिजा थाहा नभएको अवस्था )<br>एउटा परिमाण constant र अर्को परिमाण परिवर्तन हुदाँको तुलना गर्ने अवस्थाको एउटा प्रश्न<br>पहिलो परिमाण थाहा नभएको तर दोस्रो परिमाण र नतिजा थाहा भएको अवस्थाको एउटा प्रश्न<br>कुनै काममा लागेको समायावधि पत्ता लगाउने एउटा प्रश्न | १८० सेकेन्ड | विद्यार्थीले प्रयोग गरेको समस्या समाधानका लागि उल्लिखित तीन सिप मध्ये जुन प्रयोग गरेको छ, त्यसको अभिलेख गर्ने<br>क. औंला/धर्का<br>ख. कागज तथा कलम, र<br>ग. मनमनै..... विद्यार्थीले प्रयोग गरेका सिपको अभिलेख राख्ने |

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

## ४.२ प्रारम्भिक कक्षा पठन सिप परीक्षण (EGRA) को विशिष्टीकरण तालिका

| क्र.स. | उपकार्य | विषयवस्तु (कक्षा दुई र तीन ) | प्रश्न सङ्ख्या | प्रश्नको प्रकार र तह | सिकाइ उपलब्धि | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | वर्ण पठन | दस गुणा छ (१०× ६) को तालिकामा सबै स्वर, व्यञ्जन र सबै मात्रा आउने गरी ६० ओटा वर्णहरू | ६० ओटा वर्ण | सबै वर्ण र मात्रा | स्वर, व्यञ्जन र मात्राको शुद्धसँग पहिचान गर्न | एक मिनेट | |
| २. | शब्द पठन | पाँच गुणा पाँचको तालिकामा २५ ओटा चार अक्षरी (Syllabic) सम्मका शब्दहरू | २५ ओटा शब्द | दुई अक्षरी = ८<br>तीन अक्षरी = ८<br>चार अक्षरी = ९ | सरल शब्द, विभिन्न मात्रा लागेका शब्द साथै संयुक्त वर्ण (आधा अक्षर) भएका शब्दको शुद्धसँग उच्चारण गर्न | एक मिनेट | |
| ३. | शब्दभण्डार | दिइएका शब्दको पर्यायवाची, विपरीतार्थी शब्दको पहिचान | ४ ओटा | पर्यायवाची =२<br>विपरीतार्थी =२ | शब्दको अर्थ पहिचान गर्न | एक मिनेट | |
| ४. | श्रुतिबोध | सात शब्दसम्मका सरल वाक्यहरू भएका ३० शब्दको कथांश | तीनओटा प्रश्न | तथ्यपरक-२<br>सन्दर्भबोधक-१ | सुनेका आधारमा सोधिएको प्रश्नको उत्तर दिन / बोध गर्न | समयको सीमा नलाग्ने | |
| ५. | अनुच्छेदको सस्वर पठन | सात शब्दसम्मका वाक्य भएका ६० शब्दको कक्षास्तरको अनुच्छेद | ६० शब्दको अनुच्छेद | आधा अक्षर भएका शब्दसहित कक्षास्तरको अनुच्छेद | पठन गतिको मापन गर्न | एक मिनेट | |
| ६. | पठनबोध | अनुच्छेदको सस्वर पठनका आधारमा प्रश्नहरू | पाँच ओटा प्रश्न | तथ्यपरक-३<br>सन्दर्भबोध-२ | पठनबोधको मापन गर्न | समयको सिमा नलाग्ने | |
| ७. | चित्र वर्णन | कक्षास्तरको चित्र दिई सोको परिवेशका आधारमा अवस्था झल्काउने, अनुमान वा कल्पना गर्ने प्रश्नहरू | तीन ओटा प्रश्न | अवस्था- २<br>तुलना- १ | दृश्य बोधको मापन गर्न | एक मिनेट पठन तथा बोधका लागि समय हुने | **सुस्त श्रवण र बहिरा**का लागि मात्र |
| 8 | वस्तु वर्णन | कक्षास्तरको वास्तविक वस्तु वा कुनै विषय दिएर ५ वाक्यमा वर्णन गर्न लगाउने | १ प्रश्न | मौखिक वर्णन | स्वतन्त्र अभिव्यक्ति दिन | एक मिनेट | **न्यून दृष्टि र पूर्ण दृष्टिविहीनका लागि मात्र** चित्र वर्णनका सट्टा |

## ४.३ (क) कक्षाकोठामा आधारित पठन सिप परीक्षण ( CB-EGRA) कार्यढाँचा

| क्र.स. | विषयवस्तु | आधारहरू | सिकाइ उपलब्धि |
|---|---|---|---|
| १. | शब्द पहिचान | सुनेका आधारमा सग्ला अक्षर, आधा अक्षर र मात्रा प्रयोग भएका समान संरचनाका चार तहमा शब्द पहिचान | सुनेका आधारमा दिइएका शब्दहरूबाट सही शब्द पहिचान गर्न |
| २. | शब्द निर्माण | वर्ण थपेर, वर्ण झिकेर तथा शब्द जोडेर नयाँ शब्द निर्माण | दुईदेखि चार अक्षरसम्मका नयाँ शब्द निर्माण गर्न |
| ३. | वाक्यमा शब्द छुट्याउने | तीनदेखि पाँच शब्दसम्मको सान्दर्भिक वाक्य निर्माण | वाक्यमा जोडिएका शब्द छुट्याई सही वाक्य निर्माण गर्न |
| ४. | शब्दभण्डार | दिइएका शब्दको पर्यायवाची, विपरीतार्थी, अनुकरणात्मक र अनेकार्थी शब्दको पहिचान | शब्दको पहिचान गर्न |
| ५. | श्रुतिलेखन | चारओटा शब्द र तीनदेखि पाँच शब्दसम्मको एक वाक्य सुनाई श्रुतिलेखन | सुनाइएका शब्द र वाक्य शुद्धसँग लेखन गर्न |
| ६. | पठनबोध | ६० शब्दसम्मको कक्षास्तरको अनुच्छेद दिई पाँचओटा प्रश्नोत्तर | अनुच्छेदमा आधारित प्रश्नको उत्तर दिन |
| ७. | अनुच्छेद लेखन | स्तरअनुसारको चित्र वा शीर्षक दिई फरक सूचना दिने पाँच वाक्य लेखन | फरक सूचना दिने पाँच वाक्य लेखन गर्न |

## ४.३ (ख) कक्षाकोठामा आधारित पठन सिप परीक्षण ( CB-EGRA) विशिष्टीकरण तालिका

| क्र.स. | विषयवस्तु कार्य | प्रश्न सङ्ख्या | प्रश्नका प्रकार कक्षा २ | प्रश्नका प्रकार कक्षा ३ |
|---|---|---|---|---|
| १. | शब्द पहिचान | ४ | १. उस्तै ध्वनि सुनिने वर्णसमेत प्रयोग भएका सग्ला अक्षरबाट बनेका दुई अक्षरी शब्दहरू (पाँचओटा) | १. उस्तै ध्वनि सुनिने वर्णसमेत प्रयोग भएका सग्ला अक्षरबाट बनेका दुई अक्षरी शब्द (पाँचओटा) |
| | | | २. उस्तै ध्वनि सुनिने समान मात्रा लागेका दुई अक्षरी शब्द (पाँचओटा) | २. विभिन्न मात्रा लागेका दुई अक्षरी शब्द (पाँचओटा) |
| | | | ३. विभिन्न मात्रा प्रयोग भएका अक्षरबाट बनेका तीन अक्षरी शब्द (पाँचओटा) | ३. विभिन्न मात्रा र आधा अक्षरसमेत प्रयोग भएका अक्षरबाट बनेका तीन अक्षरी शब्द (पाँचओटा) |
| | | | ४. आधा अक्षर र विभिन्न मात्रा लागेका तीन अक्षरी शब्द (पाँचओटा) | ४. आधा अक्षर र विभिन्न मात्रा लागेका चार अक्षरी शब्द (पाँचओटा) |
| २. | शब्द निर्माण | ४ | वर्ण थपेर–१ ( बढीमा तीन अक्षर)<br>वर्ण झिकेर –१(बढीमा तीन अक्षर)<br>शब्द जोडेर –१(चार अक्षरी)<br>वर्ण क्रममा साटफेर गरेर–१ (बढीमा तीन अक्षर) | वर्ण थपेर–१ ( बढीमा चार अक्षर)<br>वर्ण झिकेर –१<br>शब्द जोडेर –१<br>वर्ण क्रममा साटफेर गरेर–१ |

| क्र.स. | विषयवस्तु कार्य | प्रश्न सङ्ख्या | प्रश्नका प्रकार कक्षा २ | प्रश्नका प्रकार कक्षा ३ |
|---|---|---|---|---|
| ३ | वाक्यमा शब्द छुट्याउने | | दुई देखि पाँच शब्दसम्मका वाक्य दिने (कक्षास्तरको)<br>दुई शब्दको एक वाक्य<br>तीन शब्दको एक वाक्य<br>चार शब्दको एक वाक्य<br>पाँच शब्दको एक वाक्य | दुई देखि पाँच शब्दसम्म वाक्य दिने (कक्षा स्तरको)<br>दुई शब्दको एक वाक्य<br>तीन शब्दको एक वाक्य<br>चार शब्दको एक वाक्य<br>पाँच शब्दको एक वाक्य |
| ४. | शब्दभण्डार | ४ | पर्यायवाची –१ (कक्षास्तरअनुसार)<br>विपरीतार्थी–१<br>श्रुतिसम भिन्नार्थ /अनेकार्थी–१<br>अनुकरणात्मक–१ | पर्यायवाची –१ (कक्षास्तरअनुसार)<br>विपरीतार्थी–१<br>श्रुतिसम भिन्नार्थ /अनेकार्थी–१<br>अनुकरणात्मक–१ |
| ५. | श्रुतिलेखन | २ | १. शब्द तहमा :<br>तीन अक्षरसम्म)<br>सग्ला अक्षर प्रयोग भएको शब्द २<br>मात्रा प्रयोग भएको शब्द २<br>आधा अक्षरसहितको १ | १. वाक्य तहमाः<br>बढीमा पाँच शब्दसम्मको मात्रा र आधा अक्षरसमेत समेटिने गरी कक्षास्तरको एक वाक्य दिने |
| ६. | पठनबोध | एक अनुच्छेद बाट ५ प्रश्न | ६० शब्दसम्मको एक अनुच्छेद दिई त्यसबाट कक्षास्तरको पाँच प्रश्न सोध्ने<br>तीनओटा बहुवैकल्पिक<br>एकओटा ज्ञान<br>एकओटा बोध (छोटो उत्तर आउने) | ६० शब्दसम्मको एक अनुच्छेद दिई त्यसबाट कक्षास्तरको पाँच प्रश्न सोध्ने<br>तीनओटा बहुवैकल्पिक<br>एकओटा ज्ञान<br>एकओटा बोध (छोटो उत्तर आउने) |
| ७. | अनुच्छेद लेखन | १ | स्तरअनुसारको चित्र दिई फरक सूचना दिने तीन वाक्य लेख्न लगाउने | स्तरअनुसारको शीर्षक दिई फरक सूचना दिने पाँच वाक्य लेख्न लगाउने |

## ४.४ परीक्षण साधन प्रयोगको अनुमतिसम्बन्धी व्यवस्था

नेपालको विद्यालय शिक्षा अन्तर्गत कक्षा १-३ का लागि गरिने EGRA, EGMA and CB-EGRA साधन परीक्षण गर्न चाहने सरकारी तथा गैर सरकारी एवम् दातृ निकायले शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट यो राष्ट्रिय ढाँचाका आधारमा विकसित साधन उपयोग गर्न सक्ने छन् । यसका लागि सम्बन्धित संस्था वा निकायले शैक्षिक गुणस्तर परीक्षण केन्द्रको अनुमति लिनु अनिवार्य हुने छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रको अनुमतिबिना गरिएका परीक्षण नतिजालाई नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मान्यता प्रदान गर्ने छैन ।

# अध्याय पाँच

# समावेशी मूल्याङ्कन

## ५.१ दृष्टिविहीन र न्यून दृष्टि भएका बालबालिकाको सिकाइ उपलब्धि परीक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरू

- समयको लचकताः आवश्यकताअनुसार तोकिएको समयमा पचास देखि शत प्रतिशतसम्म समय थप गर्न सकिने
- दृष्टिविहीन विद्यार्थीका लागि ब्रेल लिपिको प्रयोग हुनेछ ।
- न्यून दृष्टियुक्त विद्यार्थीको हकमा आवश्यकतानुसार प्रश्न दायाँबायाँ, सिधा, नजिक तथा टाढाबाट र उज्यालो कक्षाकोठा र सहज वातावरण समेत उपयुक्त हुने गरी मिलाउने
- न्यून दृष्टिको प्रकारअनुसार अक्षरको फन्ट र चित्रको आकार बढाउनेः आवश्यकताअनुसार १८ देखि २४ फन्ट साइज सम्म राख्ने
- न्यून दृष्टियुक्त बालबालिकाहरूको लागि सकेसम्म प्रश्नावलीमा श्यामस्वेत (black and white) रङको प्रयोग गर्ने
- दृष्टिविहीन/न्यून दृष्टियुक्त बालबालिकाहरूलाई आवश्यकताअनुसार सहयोगी सामग्री उपलब्ध गराउने । म्याग्निफाइङ ग्लास, ब्रेल पाठ्यपुस्तक, ब्रेल टाइप राइटर, ब्रेल नोट टेकर, अडियो पुस्तक, स्रिन रिडर, स्पिच टु टेक्स्ट सफ्टवेयर, डिजिटल म्याग्निफायर आदि ।
- दृष्टिविहीन/न्यून दृष्टियुक्त बालबालिकाहरूलाई आवश्यकताअनुसार ठोस तथा वास्तविक सामग्री उपलब्ध गराउने । जस्तैः ज्यामितीय आकृतिका मोडलहरू, embossed picture (स्पर्श चित्र), अबाकस आदि ।
- अपाङ्गताको प्रकृतिअनुसार प्रयोग गरिने भाषालाई अनुकूलन गर्ने । जस्तैः दृष्टि अपाङ्गताको हकमा 'हेर्नुहोस्' को सट्टा 'सुन्नुहोस्' जस्ता शब्दावलीको प्रयोग गर्ने ।

## ५.२ बहिरा र सुस्त श्रवण अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ उपलब्धि परीक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरू

- समयको लचकताः आवश्यकताअनुसार तोकिएको समयमा पचास देखि शत प्रतिशत सम्म समय थप गर्न सकिने
- बहिरा अपाङ्गता भएका बालबालिकाको लागि नेपाली साङ्केतिक भाषा/औंला हिज्जे (Finger spelling) प्रयोग गर्ने
- सुष्तश्रवण अपाङ्गताको हकमा सहायक सामग्रीको प्रयोग गर्ने । जस्तैः श्रवणयन्त्र (Hearing aid), एफएम सिस्टम, साउन्ड एम्प्लिफायर आदि ।
- सुष्त श्रवण अपाङ्गताको हकमा चित्र वर्णनका लागि सङ्क्षिप्त चित्र वर्णन (captioning) को प्रयोग गर्ने
- प्रश्नावली प्रयोगकर्ताले सकेसम्म पूर्ण सञ्चार विधि (Total communication method) को प्रयोग गर्ने । जस्तैः हाउभाउ, सङ्केत, औंला हिज्जे, तस्बिर, अभिनय, ओठको पढाइ (lip reading)
- नेपाली साङ्केतिक भाषामा दोहोरो सञ्चार गर्न सक्ने शिक्षकलाई परीक्षण सञ्चालकको रुपमा प्रयोग गर्ने
- अपाङ्गताको प्रकृतिअनुसार प्रयोग गरिने भाषालाई अनुकूलन गर्ने । जस्तैः बहिरा अपाङ्गताको हकमा भन्नुहोस् को सट्टा सङ्केत गर्नुहोस् प्रयोग गर्ने, सुन्नुहोस् भन्नुको सट्टा अवलोकन/हेर्नुहोस् जस्ता शब्दावलीको प्रयोग गर्ने
- यसमा समावेश गरिएका अतिरिक्त सञ्चार शैली, अनुकूलन अभ्यास, थप सामग्री प्रयोगलगायतका उपायहरु अवलम्बन गर्न सकिने छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

## ५.३. EGMA को विशिष्टीकरण तालिका (क्षेत्र र उपकार्यसहित) : न्यून दृष्टि र दृष्टिविहीन विद्यार्थीका लागि

| क्र.स. | विषय क्षेत्र | उपकार्य | संज्ञानात्मक तह | प्रश्न सङ्ख्या | प्रश्नको विस्तृतीकरण | अपाङ्गता भएका बालबालिकाका लागि | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | ज्यामिति | १.१ ज्यामितीय आकारहरूको पहिचान | ज्ञान तथा बोध | १ | देहायका विषयवस्तुबाट दुईओटा प्रश्नहरू सोध्ने;<br>(अ) त्रिभुज, चतुर्भुज र वृत्तको चित्र<br>(आ) वृत्ताकार, चतुर्भुजाकार, र त्रिभुजाकार सतह भएका वस्तुको चित्र | **न्यून दृष्टिः**<br>चित्रको आकार ठुलो र मोटो पार्ने<br>**दृष्टिविहीनः**<br>• ज्यामितीय आकृतिहरूको पहिचान सम्बन्धमा जियोबोर्ड वा स्केलेटन ज्यामितीय आकृतिहरूको प्रयोग गरेर वा चित्रको व्याख्या गरेर प्रश्न सोध्ने।<br>• ह्विलर, जालि बोर्ड र ब्रेल पेपरको प्रयोग गरी ज्यामितीय आकृतिहरूको आकार बनाउने र बनाइएको सामग्री प्रयोग गर्ने<br>• वस्तुहरूको सतह पहिचान सम्बन्धमा ठोस वस्तुहरू प्रयोग गरेर प्रश्न सोध्ने समयमा लचकता अपनाउने<br>• रङ वेदीकरण गर्ने र सेतो पृष्ठभूमिमा कालो रङ्को अक्षर बनाउने<br>• सुस्त श्रवण क्षमता भएका वा बहिरा बालबालिकाको लागि साङ्केतिक भाषाको प्रयोग गर्ने वा सङ्केतमा निर्देशन दिनुपर्ने। | ३० सेकेन्ड | दिइएका चित्रहरू देखाई ५ सेकेन्ड रोकिने नियम पालना गर्दै अगाडि बढ्ने |
| २. | सङ्ख्याको ज्ञान | २.१ सङ्ख्याको पहिचान<br>क) हिन्दु अरेबिक<br>ख) देवनागरी | ज्ञान | २ | प्रत्येक प्रश्नमा हिन्दु अरेबिक र देवनागरी सङ्ख्याङ्कन पद्धतिमा सङ्ख्या लेख्नुपर्ने छ<br>प्रत्येक प्रश्नावलीका १२ ओटा सङ्ख्या देहायअनुसार हुनेछन्; | **न्यून दृष्टि**<br>• चित्र वा अङ्कको आकार ठुलो पार्ने<br>**दृष्टिविहीन**<br>• ब्रेल लिपी प्रयोग गरेर प्रश्न निर्माण गर्ने<br>• समयमा लचकता अपनाउने | २×३० सेकेन्ड | दिइएको ४×३ को तालिकामा रहेको सङ्ख्या पढ्ने<br>हिन्दु अरेबिक सङ्ख्यालाई हिन्दु अरेबिक प्रणालीमा नै पहिचान गर्न /पढ्न लगाउने |

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

| क्र.स. | विषय क्षेत्र | उपकार्य | संज्ञानात्मक तह | प्रश्न सङ्ख्या | प्रश्नको विस्तृतीकरण | अपाङ्गता भएका बालबालिकाका लागि | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | - एक अङ्कले बनेका तीनओटा सङ्ख्या<br>- दुई अङ्कले बनेका छओटा सङ्ख्या (२० भन्दा साना बढीमा दुईओटा सङ्ख्या)<br>- तीन अङ्कले बनेका तीनओटा सङ्ख्या | • रङ वेदीकरण गर्ने र सेतो पृष्ठभूमिमा कालो रङको अक्षर बनाउने<br>**सुस्तश्रवण भएका** वा **बहिरा** बालबालिकाको लागि साङ्केतिक भाषाको प्रयोग गर्ने वा सङ्केतमा निर्देशन दिनुपर्ने। | | देवनागरी सङ्ख्यालाई देवनागरी प्रणालीमा नै पहिचान गर्न/पढ्न लगाउने |
| | | २.२ सङ्ख्याको तुलना | बोध | १ | आठ जोडी सङ्ख्या सहितको प्रश्न;<br>• एक अङ्कले बनेका दुई जोडी सङ्ख्या<br>• दुई अङ्कले बनेका तीन जोडी सङ्ख्या, र<br>• तीन अङ्कले बनेका तीन जोडी सङ्ख्या | **न्यून दृष्टि:** चित्र वा अङ्कको आकार ठुलो पार्ने<br>**दृष्टिबिहीन** :<br>• ब्रेल लिपी प्रयोग गरेर प्रश्न निर्माण गर्ने<br>• समयमा लचकता अपनाउने<br>• रङ वेदिकरण गर्ने र सेतो पृष्ठभूमिमा कालो रङको अक्षर बनाउने<br>**सुस्त श्रवण क्षमता भएका** वा **बहिरा** बालबालिकाको लागि साङ्केतिम भाषाको प्रयोग गर्ने वा सङ्केतमा निर्देशन दिनुपर्ने। | ६० सेकेन्ड | विद्यार्थीले दिइएको ८×२ को तालिकामा राखिएका हरेक जोडीमा भएका सङ्ख्या मध्ये ठुलो सङ्ख्या पहिचान गर्न सके नसकेको अभिलेख गर्ने<br>हरेक जोडीका लागि ५ सेकेन्डको रोकिने नियम पालना गर्दै अगाडि बढ्ने |
| | | २.३ सङ्ख्याको ढाँचा | बोध | १ | पाँचओटा सङ्ख्याको ढाँचा भएको एउटा प्रश्न;<br>• एक अङ्कले बनेका र दुई अङ्कले बनेका सङ्ख्याको एकका दरले बढ्ने र घट्ने दुईओटा ढाँचा<br>• दुई अङ्कले बनेका सङ्ख्याको दुईका दरले बढ्ने एउटा ढाँचा | **न्यून दृष्टि:**<br>चित्र वा अङ्कको आकार ठुलो पार्ने<br>**दृष्टिविहीन:**<br>• ब्रेल लिपि प्रयोग गरेर प्रश्न निर्माण गर्ने<br>• समयमा लचकता अपनाउने<br>• रङ्वेदिकरण गर्ने र सेतो पृष्ठभूमिमा कालो रङ्को अक्षर बनाउने | ६० सेकेन्ड | विद्यार्थीले हरेक सङ्ख्याको ढाँचामा छुटेको सङ्ख्या भन्न सके नसकेको अभिलेख राख्ने<br>विद्यार्थीले जवाफ दिन नसकेको अवस्थामा ५ सेकेन्डको रोकिने नियम पालना गर्दै अगाडि बढ्ने |

| क्र.स. | विषय क्षेत्र | उपकार्य | संज्ञानात्मक तह | प्रश्न सङ्ख्या | प्रश्नको विस्तृतीकरण | अपाङ्गता भएका बालबालिकाका लागि | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | • दुई अङ्कले बनेका सङ्ख्याको १० ले बढ्ने एउटा ढाँचा<br>• तीन अङ्कले बनेका सङ्ख्याको १०० ले बढ्ने एउटा ढाँचा | **सुस्त श्रवण क्षमता भएका** वा **बहिरा** बालबालिकाको लागि साङ्केतिक भाषाको प्रयोग वा सङ्केतमा निर्देशन दिनुपर्ने । | | |
| | | २.४ भिन्नको पहिचान | बोध | १ | आधा, एक चौथाइ, एक तिहाइ, दुई तिहाइ र तीन चौथाइ मध्ये कुनै तीनओटा भिन्न जनाउने चित्र समावेश भएका तीनओटा प्रश्न | **न्यून दृष्टिः**<br>चित्रको आकार ठुलो पार्ने<br>**दृष्टिविहीनः**<br>• चित्रको व्याख्या गरिदिने जस्तै एउटा आयतलाई चार बराबर भागमा बाँडिएको छ र तीनओटा भागमा रङ लगाईएको छ ।<br>• समयमा लचकता अपनाउने<br>• रङ् वेदीकरण गर्ने र सेतो पृष्ठभूमिमा कालो रङको अक्षर बनाउने<br>**सुस्तश्रवण क्षमता भएका** वा **बहिरा** बालबालिकाको लागि साङ्केतिक भाषाको प्रयोग वा सङ्केतमा निर्देशन दिनुपर्ने । | ६० सेकेन्ड | दिइएका चित्रहरू देखाउँदै उपयुक्त भिन्न भन्न लगाउने<br>पाँच सेकेन्डको रोकिने नियम पालना गर्दै अगाडि बढ्ने |
| ३. | आधारभूत क्रियाहरू | ३.१ जोड | प्रयोग, तार्किकता | २ | **तह १:**<br>• एक अङ्कले बनेका दुईओटा सङ्ख्याको जोडसम्बन्धी चारओटा प्रश्नहरू<br>**तह २:**<br>चारओटा प्रश्नहरू; | • न्यून दृष्टि भएका बालबालिकाका लागि साइज ठुलो बनाउने<br>• दृष्टिविहीन भएका बालबालिकाका लागि ब्रेललिपि प्रयोग गरी प्रश्न सोध्ने ।<br>**सुस्तश्रवण क्षमता भएका** वा **बहिरा** बालबालिकाको लागि साङ्केतिक | तह १ को लागि ६० सेकेन्ड<br>तह २ को लागि समय सीमा नरहने | पाँच सेकेन्डको रोकिने नियम पालना गर्दै अगाडि बढ्ने<br>तह १ मा शून्य अङ्क प्राप्त गर्ने विद्यार्थीका लागि यो उपकार्य नगराउने<br>विद्यार्थीले प्रयोग गरेको समस्या समाधानका लागि |

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

| क्र.स. | विषय क्षेत्र | उपकार्य | संज्ञानात्मक तह | प्रश्न सङ्ख्या | प्रश्नको विस्तृतीकरण | अपाङ्गता भएका बालबालिकाका लागि | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | • दुई अङ्कले बनेका दुईओटा सङ्ख्याहरूको जोडसम्बन्धी दुई प्रश्नहरू<br>• दुई अङ्कले बनेको पहिलो एउटा सङ्ख्या र एक अङ्कले बनेको दोस्रो अर्को सङ्ख्याको जोडसम्बन्धी एउटा प्रश्न<br>• एक अङ्कले बनेको पहिलो एउटा सङ्ख्या र दुई अङ्कले बनेको दोस्रो सङ्ख्याको जोडसम्बन्धी एउटा प्रश्न | भाषाको प्रयोग वा सङ्केतमा निर्देशन दिनुपर्ने । | | उल्लिखित तीन सिप मध्ये जुन प्रयोग गरेको छ, त्यो अभिलेख राख्ने (क. औंला/धर्का ख. कागज तथा कलम, र ग. मनमनै.....)<br>प्रश्नहरूको कठिनाइस्तर बढ्दो क्रममा हुनुपर्ने र योगफल ७० भन्दा धेरै हुन नहुने |
| | | ३.२ घटाउ | प्रयोग, तार्किकता | २ | **तह १ः**<br>एक अङ्कले बनेको ठुलो सङ्ख्याबाट सानो सङ्ख्या घटाउने ४ ओटा प्रश्नको सेट<br>**तह २ः**<br>५ ओटा प्रश्नहरूको सेट<br>• दुई अङ्कले बनेको ठुलो सङ्ख्याबाट दुई अङ्कले बनेको सानो सङ्ख्या घटाउने दुईओटा प्रश्नको सेट<br>• दुई अङ्कले बनेको सङ्ख्याबाट एक अङ्कले बनेको सङ्ख्या घटाउने दुईओटा प्रश्नहरूको सेट | **न्यून दृष्टिः**<br>अङ्कको आकार ठुलो पार्ने<br>**दृष्टिविहीनः**<br>• ब्रेल लिपि प्रयोग गर्ने<br>• ठोस सामग्रीको प्रयोग गरी वा एबाकस र बेस टेन ब्लकको प्रयोग गर्ने<br>• समयमा लचकता अपनाउने<br>• रङ वेदीकरण गर्ने र सेतो पृष्ठभूमिमा कालो रङ्को अक्षर बनाउने<br>**सुस्तश्रवण क्षमता भएका** वा **बहिरा** बालबालिकाको लागि साङ्केतिक भाषाको प्रयोग वा सङ्केतमा निर्देशन दिनुपर्ने । | तह १ को लागि ६० सेकेन्ड<br><br>तह २ को लागि समय सिमा नरहने | कुनै प्रश्नहरू तह १ को जोडको उल्टो पनि हुनसक्ने<br>५ सेकेन्डको रोकिने नियम पालना गर्दै अगाडि बढ्ने<br>तह १ मा शून्य अङ्क प्राप्त गर्ने विद्यार्थीका लागि यो उपकार्य नगराउने<br>विद्यार्थीले प्रयोग गरेको समस्या समाधानका लागि उल्लिखित तीन सिप मध्ये जुन प्रयोग गरेको छ त्यो अभिलेख गर्ने (क. औँला/धर्का ख. कागज तथा कलम, र ग. मनमनै) प्रश्नहरूलाई कठिनाइस्तरअनुसार बढ्दो क्रममा राख्नुपर्ने |

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

| क्र.स. | विषय क्षेत्र | उपकार्य | संज्ञानात्मक तह | प्रश्न सङ्ख्या | प्रश्नको विस्तृतीकरण | अपाङ्गता भएका बालबालिकाका लागि | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ४. | नाप | ४.१ समयको ज्ञान | बोध | १ | साल, महिना, गते र बार उल्लेख भएको क्यालेन्डरको कुनै एक भाग र त्यससँग सम्बन्धित तीनओटा प्रश्न | **न्यून दृष्टिः**<br>चित्र वा अङको आकार ठुलो पार्ने<br>**दृष्टिविहीनः**<br>• ब्रेल लिपिको प्रयोग गर्ने<br>• समयमा लचकता अपनाउने<br>• रङ वेदीकरण गर्ने र सेतो पृष्ठभूमिमा कालो रङको अक्षर बनाउने<br>**बहिरा** तथा **सुस्तश्रवण भएका** बालबालिकाको लागि साङ्केतिक भित्तेपात्रोको प्रयोग गर्ने। | ६० सेकेन्ड | विद्यार्थीले दिइएको क्यालेन्डर हेरेर सोधिएको प्रश्नको उत्तर भन्न सके नसकेको अभिलेखराख्ने। पाँच सेकेन्डको रोकिने नियम पालना गर्दै अगाडि बढ्ने |
| ५. | साधारण ग्राफ | ५.१ चित्रग्राफ अध्ययन | बोध | १ | चित्रग्राफमा दिइएको जानकारी लिने र दिने तथा तुलना गर्ने खालका दुईओटा प्रश्नहरू गर्ने | **न्यून दृष्टिः**<br>चित्र वा अङ्कको आकार ठुलो पार्ने<br>**दृष्टिविहीनः**<br>• इम्बोस्ट चित्र बनाउनु पर्ने वा ठोसवस्तु प्रयोग गरेर स्पर्श गर्न सकिने गरी प्रश्न सोध्ने<br>• समयमा लचकता अपनाउने<br>• रङ् वेदीकरण गर्ने र सेतो पृष्ठभूमिमा कालो रङको अक्षर बनाउने<br>**सुस्तश्रवण क्षमता** भएका वा **बहिरा** बालबालिकाको लागि साङ्केतिक भाषाको प्रयोग वा सङ्केतमा निर्देशन दिनुपर्ने। | ६० सेकेन्ड | विद्यार्थीले दिएको प्रतिक्रियालाई अभिलेख गर्ने ५ सेकेन्डको रोकिने नियम पालना गर्दै अगाडि बढ्ने |
| ६. | | शाब्दिक समस्या | समस्या समाधान | ५ | • तह १ को जोड र घटाउसँग सम्बन्धित एक एकओटा प्रश्न<br>- जोड (दुवै addends दिइएको र नतिजा थाहा नभएको अवस्था ) | **न्यून दृष्टिः**<br>चित्रको आकार ठुलो पार्ने<br>**दृष्टिविहीनः** | १८० सेकेन्ड | विद्यार्थीले प्रयोग गरेको समस्या समाधानका लागि उल्लिखित तीन सिप मध्ये जुन प्रयोग गरेको छ, त्यसको |

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

| क्र.स. | विषय क्षेत्र | उपकार्य | संज्ञानात्मक तह | प्रश्न सङ्ख्या | प्रश्नको विस्तृतीकरण | अपाङ्गता भएका बालबालिकाका लागि | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | - घटाउ (दुवै minuend र subtrahend दिइएको तर नतिजा थाहा नभएको अवस्था)<br>• एउटा परिमाण constant र अर्को परिमाण परिवर्तन हुदाँको तुलना गर्ने अवस्थाको एउटा प्रश्न<br>• पहिलो परिमाण थाहा नभएको तर दोस्रो परिमाण र नतिजा थाहा भएको अवस्थाको एउटा प्रश्न<br>• कुनै काममा लागेको समायावधि पत्ता लगाउने एउटा प्रश्न | • कथा कथन विधिबाट प्रश्न बताउने समयमा लचकता अपनाउने<br>• रङ वेदीकरण गर्ने र सेतो पृष्ठभूमिमा कालो रङ्को अक्षर बनाउने<br>**सुस्तश्रवण क्षमता** भएका वा **बहिरा** बालबालिकाको लागि साङ्केतिक भाषाको प्रयोग वा सङ्केतमा निर्देशन दिनुपर्ने। | | अभिलेख गर्ने (क. औंला/धर्का ख. कागज तथा कलम, र ग. मनमनै.....) विद्यार्थीले प्रयोग गरेका सिपको अभिलेख राख्ने |

## ५.४ प्रारम्भिक कक्षा पठन सिप परीक्षण (EGRA) को विशिष्टीकरण तालिकाः दृष्टि र श्रवणसम्बन्धी अपाङ्गता भएका बालबालिकाको लागि

| क्र.स. | उपकार्य | विषयवस्तु (कक्षा दुई र तीन ) | प्रश्न सङ्ख्या | प्रश्नको प्रकार र तह | सिकाइ उपलब्धि | अपाङ्गता भएका बालबालिकाका लागि | | समय |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | **न्यून दृष्टि र पूर्ण दृष्टिविहीन** | **सुस्तश्रवण र बहिरा** | |
| १. | वर्ण पठन | दस गुणा छ (१०× ६) को तालिकामा सबै स्वर, व्यञ्जन र सबै मात्रा आउने गरी ६० ओटा वर्णहरू | ६० ओटा वर्ण | सबै वर्ण र मात्रा | स्वर, व्यञ्जन र मात्राको शुद्धसँग पहिचान गर्न | **न्यून दृष्टि** : फन्ट साइज ठुलो बनाउने, समयमा लचकता अपनाउने र आवश्यकताअनुसारको सहयोगी सामग्री उपलब्ध गराउने<br>**पूर्ण दृष्टिविहीन** : ब्रेलमा पाठ्यसामग्री उपलब्ध गराउने, ब्रेलमा उस्तै उस्तै देखिने डट भएका ब्रेल वर्णमा ध्यान दिने | **सुस्त श्रवण**<br>ठुलो स्वरले पढेर सुनाउने<br>**बहिरा**<br>औँला हिज्जेको प्रयोग गरी अभ्यास गराउनुहोस् । | समय ३ मिनेट बनाउने |
| २. | शब्द पठन | पाँच गुणा पाँचको तालिकामा २५ ओटा चार अक्षरी (Syllabic) सम्मका शब्दहरू | २५ ओटा शब्द | दुई अक्षरी = ८<br>तीन अक्षरी = ८<br>चार अक्षरी = ९ | सरल शब्द, विभिन्न मात्रा लागेका शब्द साथै संयुक्त वर्ण (आधा अक्षर) भएका शब्दको शुद्धसँग उच्चारण गर्न | **न्यून दृष्टि** : फन्ट साइज ठुलो बनाउने, समयमा लचकता अपनाउने, आवश्यकताअनुसारको सहयोगी सामग्री उपलब्ध गराउने<br>**पूर्ण दृष्टिविहीन** : ब्रेलमा पाठ्यसामग्री उपलब्ध गराउने, ब्रेलमा उस्तै उस्तै देखिने डट भएका ब्रेल वर्णमा ध्यान दिने | **सुस्तश्रवण**<br>ठुलो स्वरले पढेर सुनाउने<br>**बहिरा**<br>औँला हिज्जे र शब्द सङ्केतको प्रयोग गरी अभ्यास गराउनुहोस् । | समय ४ मिनेट बनाउने |
| ३. | शब्दभण्डार | दिइएका शब्दको पर्यायवाची, विपरीतार्थी शब्दको पहिचान | ४ ओटा | पर्यायवाची =२<br>विपरीतार्थी =२ | शब्दको अर्थ पहिचान गर्न | **न्यून दृष्टि** : फन्ट साइज ठुलो बनाउने, समयमा लचकता अपनाउने, आवश्यकताअनुसारको सहयोगी सामग्री उपलब्ध गराउने<br>**पूर्ण दृष्टिविहीन** : ब्रेलमा पाठ्यसामग्री उपलब्ध गराउने, ब्रेलमा उस्तै उस्तै देखिने डट भएका ब्रेल वर्णमा ध्यान दिने | **सुस्तश्रवण**<br>ठुलो स्वरले पढेर सुनाउने<br>**बहिरा** : साङ्केतिक भाषाका माध्यमबाट व्यक्त गर्न लगाउने | समय २ मिनेट बनाउने |
| ४. | श्रुतिबोध | सात शब्दसम्मका सरल वाक्यहरू भएका ३० शब्दको कथांश | तीनओटा प्रश्न | तथ्यपरक-२<br>सन्दर्भबोधक-१ | सुनेका आधारमा सोधिएको प्रश्नको उत्तर दिन / बोध गर्न | | **सुस्तश्रवण**<br>ठुलो स्वरले पढेर सुनाउने<br>**बहिरा** : साङ्केतिक भाषाका माध्मबाट बुझाउने | समयको सीमा नलाग्ने |

| क्र.स. | उपकार्य | विषयवस्तु (कक्षा दुई र तीन ) | प्रश्न सङ्ख्या | प्रश्नको प्रकार र तह | सिकाइ उपलब्धि | अपाङ्गता भएका बालबालिकाका लागि | | समय |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | **न्यून दृष्टि र पूर्ण दृष्टिविहीन** | **सुस्तश्रवण र बहिरा** | |
| ५. | अनुच्छेद को सस्वर पठन | सात शब्दसम्मका वाक्य भएका ६० शब्दको कक्षास्तरको अनुच्छेद | ६० शब्दको अनुच्छेद | आधा अक्षर भएका शब्दसहित कक्षास्तरको अनुच्छेद | पठन गतिको मापन गर्न | **न्यून दृष्टि :** फन्ट साइज ठुलो बनाउने, समयमा लचकता अपनाउने, आवश्यकताअनुसारको सहयोगी सामग्री उपलब्ध गराउने<br>**पूर्ण दृष्टिविहीन :** ब्रेलमा पाठ्यसामग्री उपलब्ध गराउने, ब्रेलमा उस्तै उस्तै देखिने डट भएका ब्रेल वर्णमा ध्यान दिने | **सुस्तश्रवण**<br>ठुलो स्वरले पढेर सुनाउने<br>**बहिरा**<br>औँला हिज्जे र शब्द सङ्केतको प्रयोग गरी अभ्यास गराउने | समय ५ मिनेट बनाउने |
| ६. | पठनबोध | अनुच्छेदको सस्वर पठनका आधारमा प्रश्नहरू | पाँच ओटा प्रश्न | तथ्यपरक-३<br>सन्दर्भबोध-२ | पठनबोधको मापन गर्न | **न्यून दृष्टि :** फन्ट साइज ठुलो बनाउने, समयमा लचकता अपनाउने, आवश्यकताअनुसारको सहयोगी सामग्री उपलब्ध गराउने<br>**पूर्ण दृष्टिविहीन :** ब्रेलमा पाठ्यसामग्री उपलब्ध गराउने, ब्रेलमा उस्तै उस्तै देखिने डट भएका ब्रेल वर्णमा ध्यान दिने | **सुस्तश्रवण**<br>ठुलो स्वरले पढेर सुनाउने<br>**बहिरा**<br>औँला हिज्जे र शब्द सङ्केतको प्रयोग गरी अभ्यास गराउने | समयको सीमा नलाग्ने |
| ७. | चित्र वर्णन | कक्षास्तरको चित्र दिई सोको परिवेशका आधारमा अवस्था झल्काउने, अनुमान वा कल्पना गर्ने प्रश्नहरू | तीन ओटा प्रश्न | अवस्था- २<br>तुलना- १ | दृश्य बोधको मापन गर्न | **न्यून दृष्टि**<br>चित्रको आकार ठुलो बनाउने<br>**पूर्ण दृष्टिविहीन**<br>शिक्षकले चित्रको विवरण भनिदिने | **सुस्तश्रवण**<br>ठुलो स्वरले पढेर चित्रका बारेमा जानकारी दिने<br>**बहिरा**<br>साङ्केतिक भाषाको माध्यमबाट वर्णन गर्न लगाउने | समय दुई मिनेट बनाउने |
| 8 | वस्तु वर्णन | कक्षास्तरको वास्तविक वस्तु वा कुनै विषय दिएर ५ वाक्यमा वर्णन गर्न लगाउने | १ प्रश्न | मौखिक वर्णन | | | | समय ३ मिनेट बनाउने |

## ५.५ कक्षाकोठामा आधारित पठन सिप परीक्षण ( CB-EGRA) विशिष्टीकरण तालिका
### (न्यून दृष्टि र दृष्टिविहीन तथा सुस्त श्रवण र बहिरा बालबालिकाको सिकाइ उपलब्धि परीक्षणको लागि)

| क्र.स. | विषयवस्तु कार्य | प्रश्न सङ्ख्या | प्रश्नका प्रकार कक्षा २ | प्रश्नका प्रकार कक्षा ३ | अपाङ्गता भएका बालबालिकाका लागि | | समय |
|---|---|---|---|---|---|---|---|
| | | | | | न्यून दृष्टि र पूर्ण दृष्टिविहीन | सुस्तश्रवण र बहिरा | |
| १. | शब्द पहिचान | ४ | १. उस्तै ध्वनि सुनिने वर्णसमेत प्रयोग भएका सग्ला अक्षरबाट बनेका दुई अक्षरी शब्दहरू (पाँचओटा) | १. उस्तै ध्वनि सुनिने वर्णसमेत प्रयोग भएका सग्ला अक्षरबाट बनेका दुई अक्षरी शब्द (पाँचओटा) | **न्यून दृष्टि**<br>फन्ट साइज ठुलो बनाउने र समयमा लचकता अपनाउने<br>आवश्यकताअनुसारको सहयोगी सामग्री उपलब्ध गराउने<br>**पूर्ण दृष्टिविहीन**<br>• ब्रेलमा पाठ्यसामग्री उपलब्ध गराउने<br>समयमा लचकता अपनाउन | **सुस्त श्रवण**<br>ठुलो स्वरले पढेर सुनाउने<br><br>**बहिरा**<br>साङ्केतिक भाषाका माध्मबाट बुझाउने | तोकिएको समयभन्दा पचासदेखि शत प्रतिशतसम्म समय थप गर्न सकिने |
| | | | २. उस्तै ध्वनि सुनिने समान मात्रा लागेका दुई अक्षरी शब्द (पाँचओटा) | २. विभिन्न मात्रा लागेका दुई अक्षरी शब्द (पाँचओटा) | | | |
| | | | ३. विभिन्न मात्रा प्रयोग भएका अक्षरबाट बनेका तीन अक्षरी शब्द (पाँचओटा) | ३. विभिन्न मात्रा र आधा अक्षरसमेत प्रयोग भएका अक्षरबाट बनेका तीन अक्षरी शब्द (पाँचओटा) | | | |
| | | | ४. आधा अक्षर र विभिन्न मात्रा लागेका तीन अक्षरी शब्द (पाँचओटा) | ४. आधा अक्षर र विभिन्न मात्रा लागेका चार अक्षरी शब्द (पाँचओटा) | | | |
| २. | शब्द निर्माण | ४ | वर्ण थपेर–१ ( बढीमा तीन अक्षर)<br>वर्ण झिकेर –१(बढीमा तीन अक्षर)<br>शब्द जोडेर –१(चार अक्षरी)<br>वर्ण क्रममा साटफेर गरेर–१ (बढीमा तीन अक्षर) | वर्ण थपेर–१ ( बढीमा चार अक्षर)<br>वर्ण झिकेर –१<br>शब्द जोडेर –१<br>वर्ण क्रममा साटफेर गरेर–१ | **न्यून दृष्टि**<br>फन्ट साइज ठुलो बनाउने र समयमा लचकता अपनाउने<br>आवश्यकताअनुसारको सहयोगी सामग्री उपलब्ध गराउने<br>**पूर्ण दृष्टिविहीन**<br>• ब्रेलमा पाठ्यसामग्री उपलब्ध गराउने र समयमा लचकता अपनाउने | | |

| क्र.स. | विषयवस्तु कार्य | प्रश्न सङ्ख्या | प्रश्नका प्रकार कक्षा २ | प्रश्नका प्रकार कक्षा ३ | अपाङ्गता भएका बालबालिकाका लागि | | समय |
|---|---|---|---|---|---|---|---|
| | | | | | न्यून दृष्टि र पूर्ण दृष्टिविहीन | सुस्तश्रवण र बहिरा | |
| ३ | वाक्यमा शब्द छुट्याउने | | दुई देखि पाँच शब्दसम्मका वाक्य दिने (कक्षास्तरको)<br>दुई शब्दको एक वाक्य<br>तीन शब्दको एक वाक्य<br>चार शब्दको एक वाक्य<br>पाँच शब्दको एक वाक्य | दुई देखि पाँच शब्दसम्म वाक्य दिने (कक्षा स्तरको)<br>दुई शब्दको एक वाक्य<br>तीन शब्दको एक वाक्य<br>चार शब्दको एक वाक्य<br>पाँच शब्दको एक वाक्य | **न्यून दृष्टि**<br>फन्ट साइज ठुलो बनाउने र समयमा लचकता अपनाउने<br>आवश्यकताअनुसारको सहयोगी सामग्री उपलब्ध गराउने<br>**पूर्ण दृष्टिविहीन**<br>• ब्रेलमा पाठ्यसामग्री उपलब्ध गराउने र समयमा लचकता अपनाउने | | |
| ४. | शब्दभण्डार | ४ | पर्यायवाची –१ (कक्षास्तरअनुसार)<br>विपरीतार्थी–१<br>श्रुतिसम भिन्नार्थ /अनेकार्थी–१<br>अनुकरणात्मक–१ | पर्यायवाची –१ (कक्षास्तरअनुसार)<br>विपरीतार्थी–१<br>श्रुतिसम भिन्नार्थ /अनेकार्थी–१<br>अनुकरणात्मक–१ | **न्यून दृष्टि**<br>फन्ट साइज ठुलो बनाउने र समयमा लचकता अपनाउने<br>आवश्यकताअनुसारको सहयोगी सामग्री उपलब्ध गराउने<br>**पूर्ण दृष्टिविहीन**<br>• ब्रेलमा पाठ्यसामग्री उपलब्ध गराउने र समयमा लचकता अपनाउने | | |
| ५. | श्रुतिलेखन | २ | १. शब्द तहमा :<br>तीन अक्षरसम्म)<br>सग्ला अक्षर प्रयोग भएको शब्द २<br>मात्रा प्रयोग भएको शब्द २<br>आधा अक्षरसहितको १ | १. वाक्य तहमाः<br>बढीमा पाँच शब्दसम्मको मात्रा र आधा अक्षरसमेत समेटिने गरी कक्षास्तरको एक वाक्य दिने | | **सुस्तश्रवण** : ठुलो स्वरले पढेर सुनाउने<br>**बहिरा**<br>साङ्केतिक भाषाका माध्मबाट बुझाउने | |

| क्र.स. | विषयवस्तु कार्य | प्रश्न सङ्ख्या | प्रश्नका प्रकार कक्षा २ | प्रश्नका प्रकार कक्षा ३ | अपाङ्गता भएका बालबालिकाका लागि | | समय |
|---|---|---|---|---|---|---|---|
| | | | | | **न्यून दृष्टि र पूर्ण दृष्टिविहीन** | **सुस्तश्रवण र बहिरा** | |
| ६. | पठनबोध | एक अनुच्छेदबाट ५ प्रश्न | ६० शब्दसम्मको एक अनुच्छेद दिई त्यसबाट कक्षास्तरको पाँच प्रश्न सोध्ने<br>तीनओटा बहुवैकल्पिक<br>एकओटा ज्ञान<br>एकओटा बोध (छोटो उत्तर आउने) | ६० शब्दसम्मको एक अनुच्छेद दिई त्यसबाट कक्षास्तरको पाँच प्रश्न सोध्ने<br>तीनओटा बहुवैकल्पिक<br>एकओटा ज्ञान<br>एकओटा बोध (छोटो उत्तर आउने) | **न्यून दृष्टि**<br>फन्ट साइज ठुलो बनाउने र समयमा लचकता अपनाउने<br>आवश्यकताअनुसारको सहयोगी सामग्री उपलब्ध गराउने<br>**पूर्ण दृष्टिविहीन**<br>• ब्रेलमा पाठ्यसामग्री उपलब्ध गराउने र समयमा लचकता अपनाउने | | |
| ७. | अनुच्छेद लेखन | १ | स्तरअनुसारको चित्र दिई फरक सूचना दिने तीन वाक्य लेख्न लगाउने | स्तरअनुसारको शीर्षक दिई फरक सूचना दिने पाँच वाक्य लेख्न लगाउने | **न्यून दृष्टि**<br>फन्ट साइज ठुलो बनाउने र समयमा लचकता अपनाउने<br>आवश्यकताअनुसारको सहयोगी सामग्री उपलब्ध गराउने<br>**पूर्ण दृष्टिविहीन**<br>• ब्रेलमा पाठ्यसामग्री उपलब्ध गराउने र समयमा लचकता अपनाउने | | |

# अध्याय छ

# परीक्षण सञ्चालनमा विभिन्न निकायको भूमिका

**EGRA, EGMA र CB-EGRA** सञ्चालनमा विभिन्न संस्था तथा व्यक्तिको भूमिका देहायअनुसार हुने छ:

## (क) शैक्षिक गुणस्तर परीक्षण केन्द्र

- परीक्षण साधन निर्माणका लागि कार्यढाँचा र मार्गदर्शन तयारी गरी स्वीकृत गराउने
- **EGRA, EGMA र CB-EGRA** का साधन जिल्ला, प्रदेशस्तरीय कार्यशाला सञ्चालन गरी प्रश्नावली लेखन कार्य गर्ने
- साधनलाई परिष्कृत गर्न विषयविज्ञहरूबाट सुझाव सङ्कलन गर्ने
- विज्ञबाट प्राप्त पृष्ठपोषणका आधारमा साधन परिमार्जन गरी परीक्षण साधनलाई विषय समितिमा पुनरवलोकनका लागि पठाउने
- विषय समितिबाट स्वीकृत भइसकेका साधनलाई **EGRA, EGMA र CB-EGRA** को छुट्टाछुट्टै प्रश्न बैङ्क तयार गर्ने
- प्रारम्भिक पठन तथा गणितीय सिप परीक्षणका लागि जिल्ला तथा विद्यालय छनोट गर्ने
- परीक्षणका लागि परीक्षक छनोट गर्ने
- परीक्षणका लागि परीक्षण प्रारूप, परीक्षण मार्गदर्शन तथा परीक्षण साधन तयार गर्ने, अद्यावधिक गर्ने र छपाइ तथा अनलाइन एप्लिकेशन तयार गरी उपलब्ध गराउने
- परीक्षण सञ्चालन हुने जिल्ला तथा विद्यालय र विद्यार्थी सङ्ख्या छनोट गर्ने विधि (Sampling method) मा एकरूपता कायम हुने गरी तयारी गर्ने
- परीक्षकका लागि अभिमुखीकरण सञ्चालन गर्ने
- परीक्षणपूर्व स्थानीय तहका शिक्षा हेर्ने जनप्रतिनिधि, शिक्षा अधिकृतलगायतका सरोकारवालाका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने
- परीक्षण सञ्चालनका लागि प्रदेशतहमा शिक्षा हेर्ने मन्त्रालय, प्रदेश शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय एकाइ, स्थानीय तह, विद्यालयसँग समन्वय र सहयोगका लागि पत्राचार गर्ने
- परीक्षण कार्यलाई प्रभावकारी, स्वच्छ र मर्यादित बनाउनका लागि तालिम प्राप्त अनुगमनकर्तामार्फत् अनुगमन गर्ने गराउने
- परीक्षण कार्य सञ्चालन गरी सोको समग्र मूल्याङ्कन गरी प्रतिवेदनसहित सरोकारवालालाई पृष्ठपोषण गर्ने
- सरोकारवाला निकायहरूलाई सुधार कार्ययोजना निर्माणमा सहजीकरण गर्ने
- विभिन्न सरकारी, गैर सरकारी तथा दातृनिकायबाट सञ्चालित प्रारम्भिक कक्षाका लागि तय हुने साक्षरता सिप तथा गणितीय सिप परीक्षणका लागि सम्बन्धित निकायबाट अनुमतिका लागि प्राप्त आवेदन माथि आवश्यक छलफल गरी तोकिएको प्रक्रियाका आधारमा परीणण साधन उपलब्ध गराउने र परीक्षणको अनुमति प्रदान गर्ने

## (ख) प्रदेश तहमा शिक्षा हेर्ने मन्त्रालयको भूमिका

- प्रदेश मन्त्रालय मातहत रहेका प्रदेश शिक्षा विकास निर्देशनालयलगायत शिक्षासम्बन्धी कार्यालयलाई परीक्षण कार्यमा सहयोगका लागि समन्वय गर्ने
- केन्द्रले सञ्चालन गर्ने अभिमुखीकरण तथा प्रबोधीकरण कार्यक्रममा सहभागिता जनाउने
- परीक्षण प्रतिवेदनको प्रबोधीकरणमा सहजीकरण गर्ने
- शैक्षिक सुधारका लागि परीक्षणका नतिजाका आधारमा आवश्यक नीति तथा रणनीति तर्जुमा गर्ने

## (ग) शिक्षा विकास तथा समन्वय इकाइको भूमिका

- परीक्षण हुने विद्यालयको विवरण उपलब्ध गराई सहयोग गर्ने
- **EGRA, EGMA र CB-EGRA** को परीक्षणलाई प्रभावकारी बनाउन समन्वयात्मक भूमिका निर्वाह गर्ने

- परीक्षकलाई आवश्यक सहयोग गर्ने
- अभिमुखीकरण तथा प्रबोधीकरण कार्यक्रममा सहभागिता जनाई आवश्यकताअनुसार सहजीकरण गर्ने
- परीक्षण प्रतिवेदनको प्रबोधीकरणमा सहजीकरण गर्ने
- आवश्यकताअनुसार परीक्षण कार्यको अनुगमन एवम् संयोजन गर्ने गराउने
- स्थानीय तहहरूसँग आवश्यकताअनुसार समन्वय र सहयोग गर्ने

## (घ) स्थानीय तहको भूमिका

- परीक्षकलाई परीक्षणमा चाहिने नमुनामा परेका विद्यालय र विद्यार्थीका सम्बन्धमा आवश्यक सूचना, तथ्याङ्क तथा दस्तावेज उपलब्ध गराई आवश्यक सहयोग पुऱ्याउने,
- **CB-EGRA** परीक्षणको नतिजाका सम्बन्धमा सरोकारवालासमेतको प्रतिनिधित्व गराई बैठक आयोजना गरी परीक्षकलाई परीक्षणको नतिजासहितको प्रतिवेदन प्रस्तुत गर्न लगाउने र अन्तर्क्रियामा सहभागी हुने
- **EGRA, EGMA र CB-EGRA** को परीक्षणका लागि विद्यालयसँग समन्वय गरी आवश्यक सहजीकरण गर्ने
- **EGRA, EGMA र CB-EGRA** को परीक्षणमा अन्य आवश्यक सहयोग गर्ने
- नतिजा प्रतिवेदनको आधारमा स्थानीय तहको सुधारको योजना निर्माण गर्ने र आवश्यकताअनुसार स्व-परीक्षण गर्ने

## (ङ) विद्यालय र व्यवस्थापन समिति तथा प्रधानाध्यापकको भूमिका

- **EGRA, EGMA र CB-EGRA** को परीक्षणमा प्रधानाध्यापकलाई सहभागी गराउने
- **EGRA, EGMA र CB-EGRA** को परीक्षण कार्यमा सहयोग गर्ने
- **EGRA, EGMA र CB-EGRA** को परीक्षणमा माग गरेबमोजिमका विद्यार्थी, सूचना, तथ्याङ्क उपलब्ध गराउने

## (च) EGRA, EGMA र CB-EGRA को परीक्षणमा परीक्षकको भूमिका

### (अ) परीक्षणपूर्व

- केन्द्रले सञ्चालन गरेको अभिमुखीकरण कार्यक्रममा अनिवार्यरूपमा सहभागी हुने
- परीक्षणका लागि आवश्यक सामग्री रुजु गरेर बुझ्ने
- **EGRA, EGMA र CB-EGRA** को परीक्षण सञ्चालन मार्गदर्शन पुस्तिका र परीक्षण साधनको गम्भीरतापूर्वक अध्ययन गर्ने र परीक्षण कार्य सञ्चालन गर्ने
- प्रधानाध्यापक र स्थानीय तहका प्रतिनिधि समेतको सहभागीतामा परीक्षणपूर्वको अभिमुखीकरण बैठक सञ्चालन गर्ने र परीक्षण कार्ययोजना तयार गर्ने
- **EGRA, EGMA र CB-EGRA** को परीक्षणको उद्देश्य प्रधानाध्यापक र अन्य सरोकारवालालाई स्पष्ट पारिदिने

### (आ) परीक्षणको समय

- विद्यालयमा स्थलगतरूपमा उपस्थित भई **EGRA** को सन्दर्भमा विद्यार्थीको वैयक्तिक परीक्षण गर्ने र प्रारम्भिक पठन सिप परीक्षणसँग सम्बन्धित पृष्ठभूमि प्रश्नावलीमा आधारित भई अवलोकन, अभिलेख अध्ययन, छलफल तथा अन्तर्क्रिया गर्ने
- परीक्षणका लागि आवश्यक जानकारी सङ्कलन गर्ने
- अध्ययन अवलोकन र छलफलको आधारमा यथार्थ विवरण भर्ने वा तयार गर्ने
- **EGRA र CB-EGRA** को परीक्षणमा समयको महत्व हुने र निर्धारित समयको ख्याल नगरी परीक्षण सञ्चालन भएमा नतिजा नै फरक पर्ने हुनाले सफ्टवेयरमा नै समय किटानीको व्यवस्था तथा उपकार्य अनुसारको क्रियाकलापमा ध्यान दिने
- **EGRA र EGMA** परीक्षण वैयक्तिक विधिबाट गरिने हुँदा परीक्षक र विद्यार्थीको बसाइ व्यवस्थापन अङ्ग्रेजी अक्षर L आकारमा गर्ने



शैक्षिक गुणस्तर परीक्षण केन्द्र

- पहिलो उपकार्यमा विद्यार्थीलाई सम्मिलित गराए पछिमात्र क्रमश दोस्रो, तेस्रोमा गराउने
- यदि विद्यार्थीले कुनै उपकार्य गलत गरिरहेको भएमा तत्काल पृष्ठपोषण नदिने
- हरेक उपकार्यमा तोकिएका सबै कार्य सकिएपछि विद्यार्थीलाई धन्यवाद दिई परीक्षण कार्य टुङ्ग्याउने

### ङ) परीक्षणपश्चात्

- **EGRA, EGMA र CB-EGRA** को परीक्षण पश्चात् विद्यार्थीको उपकार्यगत उत्तर डिजिटलरूपमा वा उत्तरपुस्तिका सङ्कलन गरी सम्बन्धित निकायमा पेस गर्ने

### (छ) अनुगमनकर्ता

- परीक्षणको गुणस्तर सुनिश्चित गर्नका लागि तोकिएको साधन प्रयोग गरी अनुगमन गर्ने
- आवश्यकताअनुसार सम्बन्धित निकायलाई पृष्ठपोषण प्रदान गर्ने
- तोकिएको ढाँचामा प्रतिवेदन तयार गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा पेस गर्ने
- परीक्षणका क्रममा कुनै त्रुटि भएको पाइएमा छिटो साधनद्वारा शैक्षिक गुणस्तर परीक्षण केन्द्रका सम्बन्धित अधिकृतलाई फिल्डबाटै जानकारी गराउने ।

### (ज) गैर सरकारी निकाय तथा अन्य दातृनिकाय

- परीक्षण साधनका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रको अनुमति प्राप्त गर्ने
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट उपलब्ध परीक्षण साधन प्रयोग गरी परीक्षण कार्य सम्पन्न गर्ने
- परीक्षण ढाँचाका आधारमा विभिन्न समानान्तर प्रश्न बैङ्क तयार गर्न शैक्षिक गुणस्तर परीक्षण केन्द्रसँग सहकार्य गर्ने

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

## सन्दर्भ सूची


Ardington, C., Wills, G., Pretorius, E., Deghaye, N., Mohohlwane, N., Menendez, A., Mtsatse, N. & van der Berg, S. (2020). *Summary report: Benchmarking early grade reading skills in Nguni languages.* NORC at the University of Chicago. https://resep.sun.ac.za/wp-content/uploads/2020/11/Nguni-Languages-Summary-Report-V06-3-1.pdf

Central Bureau of Statistics (CBS). (2011). *National Population and Housing Census 2011 (national report).* Kathmandu: CBS, Government of Nepal.

Cizek, G. J., & Bunch, M. (2007). *Standard setting: A guide to establishing and evaluating performance standards for tests.* Thousand Oaks, California: Sage.

Council of Europe. (2001). *Common European Framework of Reference for Languages: Learning, teaching, assessment – Companion volume.* France: Council of Europe.

Curriculum Development Center (CDC). (2017). *Early Grade Reading Benchmark* (text in Nepali). Bhaktapur: CDC.

CDC. (2019a). *Assessment guidelines for grades 1–3.* Bhaktapur: CDC.

CDC. (2019b). *Curriculum for basic education, grades 1–3.* Bhaktapur: CDC.

CDC. (2019c). *National curriculum framework, 2019* (text in Nepali). Bhaktapur: CDC.

Department of Education and Skills [Republic of Ireland]. (2011). *Literacy and numeracy for learning and life: The national strategy to improve literacy and numeracy among children and young people 2011–2020.* Dublin: Government Publications. https://assets.gov.ie/24521/9e0e6e3887454197a1da1f9736c01557.pdf

Dubeck, M. M., & Gove, A. (2015). The Early Grade Reading Assessment (EGRA): Its theoretical foundation, purpose, and limitations. *International Journal of Education Development, 40,* 315–322. https://doi.org/10.1016/j.ijedudev.2014.11.004

Ehri, L. C. (2014). Orthographic mapping in the acquisition of sight word reading, spelling memory, and vocabulary learning. *Scientific Studies of Reading, 18(*1), 5–21. https://doi.org/10.1080/10888438.2013.819356

Education Review Office (ERO). (2017a). *Classroom-Based Early Grade Reading Assessment (CB-EGRA) Framework.* Bhaktapur: ERO.

ERO. (2017b). *Report of Classroom Based Early Grade Reading Assessment (CB-EGRA).* Bhaktapur: ERO.

ERO. (2018). *Report of National Assessment of Student Achievement, Grade 8.* Bhaktapur: ERO.

ERO. (2019). *Report of National Assessment of Student Achievement, Grade 5.* Bhaktapur: ERO.

ERO. (2020). *Report of National Assessment of Reading and Numeracy (NARN), Grade 3.* Bhaktapur: ER